# फोहोर सङ्कलन र वर्गीकरण

केन्द्रिय क्षेत्र
ネパール語(中部)

रेइवा ८ आर्थिक वर्ष　रेइवा ८ वर्षको अप्रिलदेखि रेइवा ९ वर्षको मार्चसम्म

( 2026 आर्थकि वर्ष　2026 अप्रलि देखि 2027 मार्चसम्म )

未来へつなぐ ゼロカーボン！
2050 ZERO CARBON CITY SASEBO

## लिथियम-आयन ब्याट्रीजस्ता रिचार्ज गर्न मिल्ने ब्याट्रीको फाल्ने तरिकाबारे



STOP!

लिथियम–आयन ब्याट्रीजस्ता रिचार्ज गर्न मिल्ने ब्याट्रीहरुमा कडा झट्का लागेमा आगो लाग्न सक्छ। 2025 अगस्ट महिनामा, पश्चिमी क्लिन सेन्टरमा लिथियम–आयन ब्याट्री कारण भएको अनुमान गरिएको आगलागी भएको थियो। यस्ता आगलागी हुन नदिन, **रिचार्ज गर्न मिल्ने ब्याट्रीहरू सामान्य फोहोरसँगै नफाल्नुहोस्।**




रिचार्ज गर्न मिल्ने ब्याट्री प्रयोग भएका उत्पादनहरूको फोहोर छुट्याउने तरिका फरक हुन्छ। विस्तृत जानकारी पछाडिको कभर पृष्ठमा रहेको छ। कृपया अवश्य हेर्नुहोस्।

जलाउन मिल्ने, जलाउन नमिल्ने र रिसाइकल हुने फोहोरहरू, तोकिएको दिनको **बिहान ८ बजेसम्म** आफ्नै फोहोर स्टेशनमा राख्नुहोस्।



■डासुतोन्कुन्

## फोहोर संकलन नहुने दिन

● आईतबार
● मे ३ (आइतबार) देखि ६ (बुधबार) सम्म
● सेप्टेम्बर २३ (बुधबार) ● नोभेम्बर ३ (मंगलबार)
● वर्षअन्त तथा नयाँ वर्ष
डिसेम्बर ३१ (बिहीबार) देखि जनवरी ३ (आइतबार) सम्म

※ क्लिन सेन्टरमा पनि फोहोर ल्याएर दिन सकिँदैन।

सम्पर्क

### फोहोर सङ्कलन केन्द्र, फोहोर सङ्कलन, फोहोरको विभाजन सम्बन्धि

● फोहोर न्यूनीकरण प्रवद्र्धन विभाग ········ 0956-32-2428
● उकु पर्यावरण केन्द्र ········ 0959-57-3125

कार्यालय समय र सोमबार-शुक्रबार ९बिदा बाहेक० बिहान ८ऽ३० - बेलुका ५ऽ१५

### क्लिन सेन्टरमा फोहोर लैजाने जानकारीका लागि

नजिकैको क्लिन सेन्टरमा सम्र्पक गर्नुहोस ।

● पूर्वी क्लिन सेन्टर (दाइतोउच्योउ) ······· 0956-31-3815
● पश्चिमी क्लिन सेन्टर (सिमोमोतोयामा च्योउ ····· 0956-47-5292
● उकु स्टक यार्ड (उकुमाचि) ··········· 0959-57-3238

※ दिउँसो १२ऽ०० - १ऽ०० बजे बन्द हुन्छ।
माथिका बिदाका दिनहरुमा क्लिन सेन्टरहरू सङ्कलन बन्द रहनेछन्।


### ठूलो फोहोर सङ्कलनबारे जानकारीका लागिः

● ठूलो फोहोर सङ्कलन केन्द्रः ················ 0956-46-5300
● उकु स्टक यार्डः ················ 0959-57-3238

कार्यालय समयः सोमबार- शुक्रबार बिहान ८ऽ३० - बेलुका ५ऽ००
उकुमा दिउँसो १२ऽ०० - १ऽ०० बजे बन्द हुन्छ।

# घरबाट निस्कने जलाउन मिल्ने र जलाउन नमिल्ने फोहोर व्यवस्थापन गर्ने तरिका

## जलाउन मिल्ने र जलाउन नमिल्ने फोहोरको बारेमा




### १ सासेबो नगरपालिकाद्वारा स्वीकृत फोहोर झोला खरिद गर्न खरिद अनुदान भौचर प्रयोग गर्नुहोस्।

**तोकिएको फोहोर झोलाको संख्या र मूल्य**

- तोकिएको फोहोर झोलाको एक सेट ९आकार जस्तोसुकै भए पनि० खरिद गर्न एउटा खरिद अनुदान भौचर प्रयोग गर्न सकिन्छ।

※ खरिद अनुदान भौचरहरू प्रत्येक वर्ष नोभेम्बरको अन्त्यदेखि डिसेम्बरको अन्त्यसम्म वितरण गरिन्छ, जसमा प्रत्येक व्यक्तिले प्रति वर्ष पाँच भौचरहरू प्राप्त गर्छन्। (सासेबोच्योउका बासिन्दाको रूपमा दर्ता भएकाहरूका लागि मात्र)

- यदि तपाईंसँग खरिद अनुदान भौचर छैन भने, तपाईंले झोलाको मूल्यको अतिरिक्त ८४० येन ९फोहोर व्यवस्थापन शुल्क० तिर्नुपर्नेछ।

**ठुला**




तोकिएको फोहोरको झोला (लार्ज)
४५ लिटर

खरिद अनुदान कुपन उपलब्ध छ भने (झोला शुल्क मात्र) ४० येन

खरिद अनुदान कुपन नभएको खण्डमा ९झोला शुल्क' प्रशोधन शुल्क० ८८० येन

पति सेट ४ वटा

**मझौला**




तोकिएको फोहोरको झोला (लार्ज)
३० लिटर

खरिद अनुदान कुपन उपलब्ध भएको खण्डमा (झोला शुल्क मात्र) ४८ येन

खरिद अनुदान कुपन नभएको खण्डमा ९झोला शुल्क' प्रशोधन शुल्क० ८८८ येन

पति सेट ६ वटा

**साना**




तोकिएको फोहोरको झोला (लार्ज) १५ लिटर

खरिद अनुदान कुपन उपलब्ध भएको खण्डमा (झोला शुल्क मात्र) ७२ येन

खरिद अनुदान कुपन नभएको खण्डमा ९झोला शुल्क' प्रशोधन शुल्क० ९१२ येन

पति सेट १२ वटा

**मिनी**




तोकिएको फोहोरको झोला (लार्ज)
७.५ लिटर

खरिद अनुदान भौचर उपलब्ध भएको खण्डमा (झोला शुल्क मात्र) ९६ येन

खरिद अनुदान नभएको खण्डमा ९झोला शुल्क' प्रशोधन शुल्क० ९३६ येन

पति सेट २४ वटा


### २ फोहोर वर्गीकरण तालिका पृष्ठ ३-८ अनुसरण गरी फोहोर छुट्याउनुहोस्।




### ३ तोकेको फोहोर सङ्कलन स्टेसनमा मात्र फोहोर राख्नुहोस्।

झोला भित्रको सामान नझरुन भनेर टेप जस्ता चीजहरु प्रयोग गरेर फोहोर झोलाको मुख सुरक्षित रूपमा बाँधेर मात्र फाल्नुहोस्।

तोकिएको झोलाको ह्यान्डलमा अन्य झोला बाँधेर राख्न पाइँदैन।




रिसाईकल गर्न मिल्ने फोहोर फाल्ने गरिकाको लागि पृष्ठ ७-८ अनुसरण गर्नुहोस् ।

फोहोर झोला व्यवस्थापन सम्बन्धी थप जानकारीको लागि फोहोर न्यूनीकरण प्रवर्द्धन विभागमा सम्पर्क गर्नुहोस् 0956-32-2428

# सासेबो नगरपालिकाको तोकिएको फोहोर झोला खरिद अनुदान प्रणालीबारे जानकारी



तोकिएको फोहोर झोला खरिद अनुदान कुपनको प्रयोग कसरी गर्ने ?


सुपरमार्केट वा कन्विनियन्स स्टोरमा तोकिएको फोहोर झोला किन्दा, पैसा तिर्नु अघि खरिद अनुदान कुपन देखाउनुहोस्। कुपन प्रयोग गर्दा झोलाको मूल्यमा ८४० येन छुट पाइन्छ।





एक कुपन प्रयोग गरेर धेरै फोहोर झोला किन्न सकिन्छ?

एक अनुदान कुपनले केवल १ सेट फोहोर झोला मात्र किन्न सकिन्छ।





अनुदान कुपन कहाँ पाइन्छ ?

खरिद सहयोग कुपन (Discount Coupon) नगरपालिकाबाट पठाइन्छ। वितरण गर्ने समय हरेक वर्ष नोभेम्बरको अन्त्यदेखि डिसेम्बरको अन्त्यसम्म हुन्छ। कुपनको वितरण वर्षमा एक पटक मात्र गरिन्छ, र एक व्यक्तिलाई ५ वटा कुपन दिइन्छ।



सासेबो नगरपालिकामा सन् २००५ बाट **दुई चरणीय फोहोर शुल्क प्रणाली लागू गरिएको छ।**

**फोहोर झोलाको मूल्य**

| झोला १ सेट | फोहोर व्यवस्थापन शुल्क | झोलाको लागत |
|---|---|---|
| ठूला (४ झोला) | ८४० येन | ४० येन |
| | ८८० येन | |
| मझौला (६ झोला) | ८४० येन | ४८ येन |
| | ८८८ येन | |
| साना (१२ झोला) | ८४० येन | ७२ येन |
| | ९१२ येन | |
| मिनी (२४ झोला) | ८४० येन | ९६ येन |
| | ९३६ येन | |

अनुदान कुपन प्रयोग गर्दा





**फोहोर झोलाको मूल्य (अनुदान प्रयोग गर्दा)**

| झोला १ सेट | फोहोर व्यवस्थापन शुल्क | झोलाको लागत |
|---|---|---|
| ठूला (४ झोला) | ० येन | ४० येन |
| | ४० येन | |
| मझौला (६ झोला) | ० येन | ४८ येन |
| | ४८ येन | |
| साना (१२ झोला) | ० येन | ७२ येन |
| | ७२ येन | |
| मिनी (२४ झोला) | ० येन | ९६ येन |
| | ९६ येन | |

## तोकिएको फोहोर झोला खरिद अनुदान कुपन

एउटा कुपनका ८४० येन् फोहोर व्यवस्थापन शुल्क मिनाहा भई, झोलाको मूल्यमा मात्रै झोलाहरू किन्न सक्नुहुन्छ ।एक पटकमा फाल्ने फोहोरको मात्राको लागि उपयुक्त आकारको तोकिएको फोहोर झोला किन्नुहोस् । एक्लै वा साना परिवारकालागि, हामी साना वा मिनी झोलाहरू प्रयोग गर्न सल्लाह गर्छौं, जसमा प्रति सेट बढी झोलाहरू हुन्छ । आफ्नो फोहोर छुट्याउन र पुनः प्रयोग गर्न मिल्ने वस्तुहरूलाई पुनः प्रयोग गर्न मिल्ने वस्तुको रूपमा फाल्ने बानी बसाल्नुहोस् ।








※ यो विज्ञापनको स्थान हो। (यदि "यामागुची शाखा घरायसी विद्युत् उपकरण ५ प्रकार पुर्‍याउने" सेवा अनुरोध गर्नुहुन्छ भने,सासाबो–चो बाट सामान्य फोहोर सङ्कलन तथा ढुवानीको अनुमति प्राप्त भएको संस्थामा मात्र अनुरोध गर्नुहोस्)

CE 株式会社クリーンエコロジー
廃棄物処理業・運送業
一般 事業所 引越し 遺品整理 etc...
ゴミの事なら なんでもOK!!
お気軽にお問い合わせ下さい。
〒857-1151 佐世保市日宇町1749-7 TEL (0956) 56-6868



臨時一般家庭ごみ、引っ越しごみ、遺品整理、倉庫のかたずけなど、お気軽にご相談下さい。
宇久町での回収も行います
電話番号 0956―55―1154 ㈱エコショウ
佐世保市有福町1716―5
ISO 9001:2015／14001:2015

# जलाउन मिल्ने फोहोर हप्ताको २ पटक तोकिएको झोलामा फाल्नु होला ।

एउटा तोकिएको फोहोरको झोलामा अट्ने वस्तुहरू मात्र, ठूलो झोला (४५ लिटर) मा नअट्ने कुनै पनि चीजलाई ठूलो फोहोर मानिन्छ।
ठूलो मात्रामा फोहोर कसरी व्यवस्थापन गर्ने भन्ने बारे निर्देशनहरूको लागि कृपया पृष्ठ ९ हेर्नुहोस् ।




## निम्न फोहोरलाई तोकिएको झोलामा फ्याँक्नु आवश्यक छैन:

### डायपर (वयस्क र बच्चाका लागि)


भित्रको फोहोरलाई हटाएर पारदर्शी वा अर्धपारदर्शी ब्यागमा राख्नुहोस् र “おむつ“ भनेर लेख्नुहोस्।




नोटः घरेलु जनावरका डायपर र ट्वाइलेट म्याटलाई तोकिएको झोलामा राखेर जलाउन मिल्ने दिनमा फ्याँक्नुहोस्।

### घरायसी काठ काट्ने डाँठ, पात आदि

काठ वा डाँठलाई १० सेमी भन्दा पातलो र ८० सेमी भन्दा छोटो काट्नुहोस् र ३० सेमी भन्दा पातलो बनाएर बाँध्नुहोस् ।
पात आदिलाई माटो हटाएर पारदर्शी वा अर्धपारदर्शी ब्यागमा राख्नुहोस् ।
एक पटकमा २ मुठा (झोला) मात्र फ्याँक्नुहोस् ।
नोटः यदि किचेनबाट जलाउन मिल्ने फोहोर धेरै छ भने, काठ वा डाँठ र पातलाई अर्को पटकको सङ्कलनमा फ्याँक्न सकिन्छ ।
नोटः योशिजु, सुदारे, घरायसी कामको काठलाई “जलाउन मिल्ने फोहोर“ को रूपमा ८० सेमी भन्दा छोटो काटेर तोकिएको झोलामा फ्याँक्नुहोस्। घर बाहिरको डाँठ काट्ने र पात आदिको लागि फोहोर न्यूनीकरण प्रवर्द्धन विभागलाई सम्पर्क गर्नुहोस्।




८० सेमी भन्दा लामो भएमा जलाउने भट्टिमा नर्छिन सक्छ।

१० सेमी भन्दा मोटो काठलाई ८० सेमी भन्दा छोटो काट्नुहोस् वा १५ सेमी भन्दा पातलो काट्नुहोस्।

## ! फोहोर फाल्दा ध्यान दिनु पर्ने कुराहरु

### किचेनको फोहोर

कच्चा फोहोरलाई पानी सुकाएर, तेललाई कागज वा कपडामा सोस्नुहोस् र प्लास्टिक ब्यागमा राखेर मुख बाँध्नुहोस् । ब्रवन उत्सर्जन कम गर्न र फोहोर ब्याग बचत गर्न पानी सुकाउन सहयोग गर्नुहोस् ।




### पटाका, डिस्पोजेबल लाइटर, डिस्पोजेबल ह्यान्ड वार्मर

फोहोर सङ्कलन गर्ने गाडी आगजनी हुन नदिन, पटाकालाई राम्ररी पानीमा भिजाएर फ्याँक्नुहोस् । लाइटरलाई ग्यास निकालेर फ्याँक्नुहोस् । ह्यान्ड वार्मरलाई प्रयोग गरेपछि (तापक्रम घटेपछि) फ्याँक्नुहोस् ।



पुरानो कागज, खाली बाकस, खाली बोतल जस्ता पुनःप्रयोग गर्न मिल्ने सामग्रीहरू पनि “जलाउन मिल्ने फोहोर” भनेर फालिरहनुभएको त छैन ?
जलाउन मिल्ने फोहोर घटाएमा, तोकिएको फोहोर झोला पनि बचत गर्न सकिन्छ।

प्रयोग भएका इङ्क कार्ट्रिजहरू पोस्ट अफिसको रिसाइक्लिंग बक्समा फ्याँक्नुहोस् । ब्रदर, क्यानन, इप्सन, ज्ए ४ वटा कंपनीको मात्र कार्ट्रिज फाल्न सक्छि ।
थप जानकारीको लागिः
https://www.inksatogaeri.jp




**सहरभरि रिसाइक्लिंग बक्स राखिएका पोस्ट अफिसहरू:**

सासेबो हुलाक कार्यालय, सासेबो उत्तर हुलाक कार्यालय
सासेबो पश्चिम हुलाक कार्यालय ,
हिउ हुलाक कार्यालय
हाइकी हुलाक कार्यालय ,मिकावाची हुलाक कार्यालय
हारियो हुलाक कार्यालय ,योशिइ हुलाक कार्यालय
एमुकाए हुलाक कार्यालय , शिकामाची हुलाक कार्यालय



खाद्य पदार्थको ट्रे आदि, पसलमा फिर्ता गर्न सकिने वस्तुहरू राम्ररी धोएर,खरिद गरेको पसलमा रहेको सङ्कलन बक्समा फिर्ता गर्नुहोस्।




नोटः केही पसलहरूले फिर्ता नलिने भएकोकारण पसललाई सोधेर मात्र फिर्ता गर्नु होला ।

# जलाउन मिल्ने फोहोर सङ्कलन तालिका



| | सहरको नाम | बार |
|---|---|---|
| आ | आइओइच्योउ | मंगलवार र शुक्रबार |
| | अकागिच्योउ | सोमबार र बिहिबार |
| इ | इशिजाकाच्योउ | मंगलवार र शुक्रबार |
| | इजुमिच्योउ | मंगलवार र शुक्रबार |
| | इनारिच्योउ | सोमबार र बिहिबार |
| उ | उमेदामाची | मंगलवार र शुक्रबार |
| | उवामाची | मंगलवार र शुक्रबार |
| ए | एबोशिमाची | मंगलवार र शुक्रबार |
| ओ | ओमियाच्योउ | सोमबार र बिहिबार |
| | ओरिहाशिच्योउ | मंगलवार र शुक्रबार |
| का | खासुगाच्योउ | सोमबार र बिहिबार |
| | काचुटोमिच्योउ | सोमबार र बिहिबार |
| | कामिक्योमाची | मंगलवार र शुक्रबार |
| कि | गिओन्च्योउ | सोमबार र बिहिबार |
| | किकाजेच्योउ | सोमबार र बिहिबार |
| | क्योनोचुबोच्योउ | मंगलवार र शुक्रबार |
| कु | कुमानोच्योउ | सोमबार र बिहिबार |
| को | कोगचुच्योउ | सोमबार र बिहिबार |
| | कोउटेन्च्योउ | सोमबार र बिहिबार |
| | कोसासेबोच्योउ | सोमबार र बिहिबार |
| | कोबाटाच्योउ | मंगलवार र शुक्रबार |
| सा | साकाएमाची | सोमबार र बिहिबार |
| | सकीबेमाची | बुधबार र शनिबार |
| | साकुरागीच्योउ | सोमबार र बिहिबार |

| | सहरको नाम | बार |
|---|---|---|
| सी | शिओहामाच्योउ | मंगलवार र शुक्रबार |
| | शिओमिच्योउ | सोमबार र बिहिबार |
| | शिमानोसेच्योउ | सोमबार र बिहिबार |
| | शिमान्जिच्योउ | सोमबार र बिहिबार |
| | शिमिजुच्योउ | मंगलवार र शुक्रबार |
| | शिमोउडोच्योउ | मंगलवार र शुक्रबार |
| | शिमोक्योमाची | मंगलवार र शुक्रबार |
| | ज्युरोउ शिन्माची | बुधबार र शनिबार |
| | शिराकिच्योउ | सोमबार र बिहिबार |
| | शिराहाएच्योउ | सोमबार र बिहिबार |
| | शिरोयामाच्योउ | मंगलवार र शुक्रबार |
| | शिन्मिनाटोच्योउ | मंगलवार र शुक्रबार |
| सु | सुसामाची | सोमबार र बिहिबार |
| | सुदाओच्योउ | सोमबार र बिहिबार |
| सो | सोनोडाच्योउ | मंगलवार र शुक्रबार |
| ता | डाइकोकुच्योउ | बुधबार र शनिबार |
| | ताकासागोच्योउ | मंगलवार र शुक्रबार |
| | ताकानाशिच्योउ | मंगलवार र शुक्रबार |
| | ताशिरोच्योउ | मंगलवार र शुक्रबार |
| | तातेगामिमाची | सङ्कलन गरिदैन |
| | तानिगोच्योउ | मंगलवार र शुक्रबार |
| | तावारामाची | मंगलवार र शुक्रबार |
| ते | टेन्जिन्च्योउ | बुधबार र शनिबार |
| | टेन्जिन १-च्योउम | बुधबार र शनिबार |

| | सहरको नाम | बार |
|---|---|---|
| ते | टेन्जिन २-च्योउम | बुधबार र शनिबार |
| | टेन्जिन ३-च्योउमे | बुधबार र शनिबार |
| | टेन्जिन ४-च्योउम | बुधबार र शनिबार |
| | टेन्जिन ५-च्योउमे | बुधबार र शनिबार |
| | टेन्माच्योउ | मंगलवार र शुक्रबार |
| तो | तोकिवाच्योउ | सोमबार र बिहिबार |
| | टोनोच्योउ | सोमबार र बिहिबार |
| ना | नागाओच्योउ | मंगलवार र शुक्रबार |
| | नाकाडोरिच्योउ | मंगलवार र शुक्रबार |
| | नाकिरिच्योउ | सोमबार र बिहिबार |
| नि | निशिओकुबोच्योउ | मंगलवार र शुक्रबार |
| हा | हाचिमान्च्योउ | मंगलवार र शुक्रबार |
| | हानाजोनोच्योउ | मंगलवार र शुक्रबार |
| | हामाडाच्योउ | मंगलवार र शुक्रबार |
| हि | हिगाशिओकुबोच्योउ | मंगलवार र शुक्रबार |
| | हिगाशिहामाच्योउ | बुधबार र शनिबार |
| | हिगाशियामाच्योउ | बुधबार र शनिबार |
| | हिजुकुशिमाची | बुधबार र शनिबार |
| | हिरामाची | मंगलवार र शुक्रबार |
| फु | फुकुइशिच्योउ | बुधबार र शनिबार |
| | फुकुदाच्योउ | मंगलवार र शुक्रबार |
| | फुजिवाराच्योउ | सोमबार र बिहिबार |
| | फुजिवाराच्योउ (एक भाग) | बुधबार र शनिबार |
| हो | होतातेच्योउ | मंगलवार र शुक्रबार |

| | सहरको नाम | बार |
|---|---|---|
| मा | माएहाताच्योउ | सङ्कलन गरिदैन |
| | मचुराच्योउ | सोमबार र बिहिबार |
| | मचुराच्योउ (एक भाग) | मंगलवार र शुक्रबार |
| | मचुकावाच्योउ | सोमबार र बिहिबार |
| | मत्सुयामाच्योउ | मंगलवार र शुक्रबार |
| | मान्तोकुच्योउ | मंगलवार र शुक्रबार |
| मि | मिउराच्योउ | सोमबार र बिहिबार |
| | मिनाटोच्योउ | सोमबार र बिहिबार |
| | मिनेनोसाकाच्योउ | सोमबार र बिहिबार |
| | मियाजाकिच्योउ | मंगलवार र शुक्रबार |
| | मियाजिच्योउ | सोमबार र बिहिबार |
| | मियाडाच्योउ | मंगलवार र शुक्रबार |
| मो | मोतोशिमाच्योउ | सोमबार र बिहिबार |
| | मोतोमाची | मंगलवार र शुक्रबार |
| या | यामागाटाच्योउ | मंगलवार र शुक्रबार |
| | यामाजुमिच्योउ | सोमबार र बिहिबार |
| | यामाटेच्योउ | मंगलवार र शुक्रबार |
| यो | योकोओच्योउ | मंगलवार र शुक्रबार |
| | योरोजुच्योउ | मंगलवार र शुक्रबार |
| वा | वाकाबाच्योउ | सोमबार र बिहिबार |

लिथियम-आयन ब्याट्री जस्ता रियार्ज गर्न मिल्ने ब्याट्री कसरी फाल्ने भन्ने कुरा पछाडिको पृष्ठ हेर्नुहोस्।



※ विज्ञापन सेक्सन हो　यामागुची स्योउतेन् मा विध्युतिय उपकरणका ५ वस्तुहरू ओसारपसारको लागि अनुरोध गर्ने अवस्थामा, कृपया सासा माचीको साधारण फोहोर सङ्कलन तथा ओसारपसार अनुमति प्राप्त संस्थालाई अनुरोध गर्नुहोस्।


佐世保市・北松エリアのゴミ分別＆処分は全部お任せ

エコムラ

エコムラ

一戸建て　マンション　お店　建築現場

ゴミ処分はいますぐお電話！

0956-66-8101




古紙回収 BOX

24 時間いつでもご都合の良い時に入れてください！

環境破壊が進む今、限りある資源を大切にし地球への感謝の心を持ちつづけたい。

株式会社 九十九紙源センター

出張機密文書裁断

大量の機密書類をスピーディに裁断し、リサイクルも可能な出張サービス。

〒857-0143 長崎県佐世保市吉岡町 569 番地　TEL0956(40)7755　FAX0956(40)6866

# जलाउन नमिल्ने फोहोर महिनामा १ पटक सङ्कलन तोकिएको झोलामा फ्याँक्नुहोस् ।


नोटः तोकिएका झोलामा अटाउने आकारका वस्तुहरू मात्र फ्याँक्नुहोस्। ठूलो झोला (४५ लिटर) मा नअटाउने वस्तुहरू ठूला फोहोर हरु हुन्।

! कुहिने फोहोर नभएको कारणल **तोकिएको झोला नभरे सम्म नफ्याँक्नुहोस् । तोकिएको झोला च्यात्तिने भएकाले भित्री झोला पनि प्रयोग गर्नु होला ।** (प्रकार अनुसारको झोला छुट्याउनु आवश्यक छैन)

## ध्यान दिनुपर्ने कुराहरूः

### भाँचिएका सामान र चक्कुहरू

फुटेका वस्तु वा धारिला वस्तुहरू कागजमा बेरेर ब्यागमा राख्नुहोस् र "キケン" लेख्नुहोस्।





### स्टोभ, फ्यान हिटर, स्प्रे क्यानः


स्टोभ वा फ्यान हिटरमा किरोसिन बाँकी छ भने, यसलाई पूरै जलाएर खाली गर्नुहोस । किरोसिन बाँकी राखेर फ्याँक्ने हो भने, सङ्कलन गाडी वा प्रशोधन केन्द्रमा आगलागी हुन सक्छ । यदि जलाउन सकिँदैन भने, किरोसिन थोरै छ भने कपडा वा कागजमा सोस्नुहोस् र सोसेको वस्तु जलाउन मिल्ने गार्बेजमा फ्याँक्नुहोस् ।किरोसिन धेरै बाँकी छ भने पम्पले निकाल्नुहोस् र पेट्रोल पम्पमा सम्पर्क गरि सल्लाह गर्नुहोस् ।

स्प्रे क्यान वा ग्यास क्यासेट खाली गरि, प्वाल पारेर फ्याँक्नुहोस् ।






लम्बाइ लगभग १ मिटर भन्दा कम भएको वस्तुहरू तोकिएको झोला (ठूलोः ४५ लिटर) बाट बाहिर निस्किए पनि सङ्कलन गरिन्छ ।
(सेट नभएको गोल्फ क्लब, छाता आदि)




## जलाउन नमिल्ने फोहोरका केही (उदाहरण):




पेन्ट, तेल, इन्जिन आइल आदिलाई कपडा वा कागजमा सोस्नुहोस् र सोसेको वस्तु जलाउन मिल्ने फोहोरमा फ्याँक्नुहोस् । यदि कन्टेनर धातुको भए जलाउन नमिल्ने फोहोरमा र प्लास्टिकको भए जलाउन मिल्ने फोहोरमा फ्याँक्नुहोस् ।




लिथियम-आयन ब्याट्री जस्ता चार्ज गर्न मिल्ने ब्याट्री कसरी फाल्ने भन्ने कुरा पछाडिको पृष्ठ हेर्नुहोस्।

# नजल्ने फोहोर सङ्कलन तालिका

च्युउबु क्षेत्र (中部)

| | अप्रिल | मे | जुन | जुलाइ | अगस्त | सेप्टेम्बर | अक्तोबर | नोभेम्बर | डिसेम्बर | जनावरि | फेब्रुअरी | मार्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हिगासीहामा, ज्युरोउसिन | 7 | 12 | 8 | 8 | 7 | 7 | 7 | 9 | 7 | 12 | 6 | 8 |
| तेन्जिन १ च्योउमे, तेन्जिन २ च्योउमे, तेन्जिन ५ च्योउमे को केहि स्थान, (तेन्जिन प्राथमिक विद्यालय बस स्टप नजिक, तेन्जिन बस स्टप नजिक) | 8 | 13 | 9 | 9 | 8 | 8 | 8 | 10 | 8 | 13 | 8 | 9 |
| तेन्जिन ३ च्योउमे, तेन्जिन ५ च्योउमे, तेन्जिनच्योउ, साकिबेच्योउ | 9 | 14 | 10 | 10 | 10 | 9 | 9 | 11 | 9 | 14 | 9 | 10 |
| तेन्जिन ३ च्योउमेको केहि स्थान (निसी तेन्जिन बस स्टप नजिक), तेन्जिन ४ च्योउमे, तेन्जिनच्योउेको केहि स्थान (तोदोरोकिवान नजिक) | 10 | 15 | 11 | 13 | 12 | 10 | 13 | 12 | 10 | 15 | 10 | 11 |
| हिगासियामा, दाइकोकु, हिजुकुशी | 13 | 16 | 12 | 14 | 17 | 11 | 14 | 13 | 11 | 16 | 12 | 12 |
| ओमिया, इनारी, फुकुइशी | 22 | 25 | 23 | 24 | 25 | 24 | 23 | 24 | 19 | 25 | 20 | 24 |
| शिओमी, वाकाबा | 23 | 26 | 24 | 27 | 26 | 25 | 26 | 25 | 21 | 26 | 22 | 25 |
| मिउरा, शिराहाए | 24 | 27 | 25 | 28 | 27 | 26 | 27 | 26 | 22 | 27 | 24 | 26 |
| तोनोओ, मिनेनोसाका | 27 | 28 | 26 | 29 | 28 | 28 | 28 | 27 | 23 | 28 | 25 | 29 |
| योरोजु, शिनमिनातो, शिमान्जी, शियोहामा, यामागाता, शिमोक्यो, खामिक्यो, मोतोसिमा, क्योनोचुबो, मियाजाकी, माचुखावा, कोउतेन | 28 | 29 | 29 | 30 | 29 | 29 | 29 | 28 | 24 | 29 | 26 | 30 |
| फुजीवारा, किखाजे | 30 | 30 | 30 | 31 | 31 | 30 | 30 | 30 | 25 | 30 | 27 | 31 |
| यामाजुमी, सुदाओ | 2 | 1 | 1 | 2 | 3 | 1 | 1 | 2 | 1 | 4 | 1 | 1 |
| ताकासागा, तानिगोउ, हाचिमान्, तेन्मान, सिरोयामा, मियादा, मन्तोकु | 1 | 7 | 2 | 1 | 1 | 2 | 2 | 4 | 2 | 5 | 2 | 2 |
| हिगासिओकुबो, निसिओकुबो, फुकुदा, हिरा, सोनोदा, सिमिजु, कोबाता | 3 | 8 | 3 | 3 | 4 | 3 | 3 | 5 | 3 | 6 | 3 | 3 |
| नागाओ, उवा, इजुमी, मिनातो, माचुउरा, टोकिवा, साकाए, सिमानोसे, मोतो, आइओइ, हामादा | 4 | 9 | 4 | 6 | 5 | 4 | 5 | 6 | 4 | 7 | 4 | 4 |
| शिराकी, काचुतोमी, गिओन, कोउगेचु | 6 | 11 | 5 | 7 | 6 | 5 | 6 | 7 | 5 | 8 | 5 | 5 |
| कोसासेबो, ताकानासी, सुसा | 14 | 18 | 15 | 15 | 18 | 12 | 15 | 14 | 12 | 18 | 13 | 15 |
| मियाजी, हानाजोनो, कुमानो, नाकिरी, यामाते | 15 | 19 | 16 | 16 | 19 | 14 | 16 | 16 | 14 | 19 | 15 | 16 |
| ओरिहाशी, माचुयामा, एबोसी, तासिरो, शिमोउदो | 16 | 20 | 17 | 17 | 20 | 15 | 19 | 17 | 15 | 20 | 16 | 17 |
| तावारा, होताते, इशिजाका, उमेडा, नाकादोरी | 17 | 21 | 18 | 21 | 21 | 16 | 20 | 18 | 16 | 21 | 17 | 18 |
| योकोओ | 20 | 22 | 19 | 22 | 22 | 17 | 21 | 19 | 17 | 22 | 18 | 19 |
| खासुगा, साकुरागी, आखागी | 21 | 23 | 22 | 23 | 24 | 18 | 22 | 20 | 18 | 23 | 19 | 23 |

लिथियम-आयन ब्याट्री जस्ता रिचार्ज गर्न मिल्ने ब्याट्री कसरी फाल्ने भन्ने कुरा पछाडिको पृष्ठ हेर्नुहोस्।



※ यो विज्ञापनका लागि हो। नजल्ने फोहोर उठाउने कम्पनी होइन। (यामागुची शोतेंमा घरायसी उपकरण ५ वस्तु पुर्‍याउन चाहनु भएमा, सासा–चो को अनुमति भएको फोहोर ढुवानी गर्ने कम्पनीलाई सम्पर्क गर्नुहोस्。)


一般・廃棄物 収集運搬業
株式会社サセボ環境開発
処分に困ったらお気軽にお電話を♪
一般 事業所 引っ越しゴミ 遺品整理 etc...
見積無料
通話料無料 0120-968-530
https://sasebo530.com/
LINE
LINE公式アカウント
友だち追加からお問い合わせ・お見積等できます！

捨ててしまいたい思い出以外のゴミなら何でも片付けます
(有)オレンジ社
(有)オレンジ社
佐世保市白岳町94-5 TEL0956-34-5878
お見積りは無料です


# पुनः प्रयोग गर्न मिल्ने फोहोरहरू महिनामा दुई पटक सङ्कलन गरिन्छ। तोकिएका फोहोरका झोलाहरू प्रयोग गर्नु आवश्यक छैन।

## क्यानहरू:

- अल्मुनियम क्यान र स्टील क्यानलाई छुट्याउनुहोस्।

※ नोटः एउटै उत्पादमा पनि अल्मुनियम क्यान र स्टील क्यान हुन सक्छ। राम्ररी जाँच गरेर छुट्याउनुहोस् र क्यानलाई **नकुच्याउनुहोस्**। (कुच्याएको अवस्थामा यसले प्रेस मेसिनमा समस्या उत्पन्न गर्न सक्छ।)

※ तेल क्यान, **क्यानको ढक्कनी**, स्प्रे क्यान, ग्यास क्यासेट आदिलाई "जलाउन नमिल्ने फोहोर" मा फ्याँक्नुहोस्।




## बोतलहरू:

- बियर बोतल, इस्यो बोतल, विदेशी रक्सी, एनर्जी ड्रिंक, ज्याम, इन्स्टन्ट कफी बोतल जस्ता बोतलहरू।

※ नोटः ड्रेसिङ वा सलाद तेलको बोतल जस्ता **तेल लागेका बोतलहरूलाई "जलाउन नमिल्ने फोहोर"** मा फ्याँक्नुहोस्।

※ धातुको ढक्कनीलाई "जलाउन नमिल्ने फोहोर" मा र प्लास्टिकको ढक्कनीलाई "जलाउन मिल्ने फोहोर" मा फ्याँक्नुहोस्।


※ वान कप ग्लास कन्टेनरलाई "जलाउन नमिल्ने फोहोर" मा फ्याँक्नुहोस्।




## पेट बोटल:

※ नोटः पेट बोटललाई नकुच्याइ नफ्याँक्नुहोस्। कुच्याइएको अवस्थामा यसले प्रेस मेसिनमा समस्या उत्पन्न गराउन सक्छ।

- हल्का पानीले धुनुहोस् र **बिर्को र लेबल** हटाउनुहोस्। लेबलमा दायाँ मार्क नभएको बोटल र बिर्को र लेबललाई **"जलाउन मिल्ने फोहोर" मा फ्याँक्नुहोस्।**
- सहरभरिका सेभेन इलेभनका केही पसलहरूको रिसाइक्लिंग मेसिन पनि प्रयोग गर्न सकिन्छ। (पृष्ठ १२ हेर्नुहोस्)।
- खाने तेल, सस, डिटर्जेन्ट, अण्डा प्याक जस्ता कन्टेनरहरूलाई "जलाउन मिल्ने फोहोर" मा फ्याँक्नुहोस्।





## पुराना कपडाहरू:

- रिसाइक्ल गर्न मिल्ने पुराना लुगा, तौलिया, पर्दा जस्ता कपडाहरू।

※ नोटः **पानी परेको दिन नभिज्ने** गरी पारदर्शी ब्यागमा राख्नुहोस्।


※ मोजा, भित्री लुगा (कट्टु, ब्रा आदी), च्यात्तिएका लुगा, मैला वा भिजेका कपडाहरूलाई "जलाउन मिल्ने फोहोर" मा फ्याँक्नुहोस्।



## ट्युब लाइट, पाराको थर्मोमिटर, पाराको ब्लड प्रेसर नाप्ने यन्त्र (घरबाट निस्कने):

- ट्युब लाइट ४०वात्त, लम्बाइ १२० सेमी सम्म (बल्ब टाइपको ट्युब लाइट) नफुट्ने गरी फ्याँक्नुहोस्। फुटेको भए कागजमा बेरेर प्लास्टिक ब्यागमा राख्नुहोस् र "蛍光管" भनेर लेख्नुहोस्।
- पाराको थर्मोमिटर र पाराको ब्लड प्रेसरलाई "जलाउन नमिल्ने फोहोर" मा नफ्याँक्नुहोस्। नफुत्ने तरिकाले बक्समा राखी "水銀体温計" वा "水銀血圧計" लेखेर फ्याँक्नुहोस्।


यदि पारा थर्मोमिटर वा अन्य वस्तु फुट्यो भने, भ्याकुम क्लिनर प्रयोग नगर्नुहोस्। यसलाई नछुनुहोस्। कार्डबोर्ड वा यस्तै केहि चीजले राम्ररी पुछ्नुहोस्, त्यसपछि यसलाई डबल प्लास्टिकको झोलामा राखेर फ्याँक्नुहोस्।



## ब्याट्रि :

- ब्याट्रि, बटन सेललाई स्टेसनमा रहेको क्यानमा राख्नुहोस्।

※ नोटः लिथियम आयन ब्याट्री जस्ता चार्ज गर्न मिल्ने ब्याट्रीहरूलाई "पुनः प्रयोग गर्न" वा "जलाउन मिल्ने फोहोर" मा नफ्याँक्नुहोस्। बिक्रेतालाई सम्पर्क गर्नुहोस् वा इलेक्ट्रिकल पसलहरूको रिसाइक्लिंग बक्स प्रयोग गर्नुहोस्।"




लिथियम आयन जस्ता रिचार्जेबल ब्याट्रीहरू

## पुराना कागजहरू:

नोटः विस्तृत जानकारीको लागि पृष्ठ १२ हेर्नुहोस्।
व्यक्तिगत जानकारीको दुरुपयोग हुनेमा विशेष ध्यान दिनुहोस्।

- गन्ध वा मैला लागेको कागज, कार्बन कागजलाई "जलाउन मिल्ने फोहोर" मा फ्याँक्नुहोस्।
- कागजका प्रकार सानो ठुलो छुट्याइ छरपष्ट नहुने गरि बाँधेर फ्याँक्नुहोस्।
- **पानी परेको दिन नभिज्ने गरी** पारदर्शी झोलामा राखेर फ्याँक्नुहोस्।
- साना कागजहरू (भिजिटिङ्ग कार्ड आकार देखि ह्यछ आकार सम्म, साना मिठाइका बक्सहरु) कागज ब्यागमा राखेर फ्याँक्नुहोस्।





## साना इलेक्ट्रिकल उपकरणहरू:

नोटः व्यक्तिगत जानकारीको दुरुपयोग हुनेमा विशेष ध्यान दिनुहोस् (डिजिटल क्यामेरा, मोबाइल फोन आदि)।


- निम्न १० प्रकारका साना इलेक्ट्रिकल उपकरणहरूलाई स्रोतको रुपमा सङ्कलन गरिन्छ। **ब्याट्री हटाएर पारदर्शी प्लास्टिक ब्यागमा** राखेर फ्याँक्नुहोस्।

क्यामेरा (डिजिटल, फिल्म) मोबाइल म्युजिक प्लेयर, मोबाइल डिभिडी प्लेयर
गेमिङ डिभाइस (मोबाइल, कन्सोल) इलेक्ट्रनिक शब्दकोश
क्याल्कुलेटर फोन (स्मार्टफोन, मोबाइल, ल्यान्डलाइन)
भिडियो क्यामेरा भिडियो डेक, डिभिडी डेक रेडियो, रेडियो क्यासेट प्लेयर।"



## फ्याँक्दा ध्यान दिनुपर्ने कुराहरू:

- हरेक प्रकारको वस्तुलाई पारदर्शी वा अर्धपारदर्शी ब्यागमा राख्नुहोस्।




- क्यान, बोतल, पेट बोटल फ्याँक्दा खाली गरेर धुनुहोस् र नकुच्याइ फ्याँक्नुहोस्।


※ नोटः सिगरेटको टुक्रा जस्ता अरू वस्तुहरू नराख्नुहोस्।




- बोतल, क्यान, पेट बोटलको बिर्को:

धातुको भए "जलाउन नमिल्ने फोहोर"

प्लास्टिकको भए "जलाउन मिल्ने फोहोर"



- तेल लागेको वा मैला भएको क्यान, बोतल, पेट बोटल स्रोत सामग्रीमा नपर्ने:

क्यान र बोतललाई "जलाउन नमिल्ने फोहोर"

पेट बोटललाई "जलाउन मिल्ने फोहोर" मा फ्याँक्नुहोस्।"



# श्रोत हुने फोहोर सङ्कलन तालिका

टोल विकास संस्था अनुसार महिनामा १ पटक सङ्कलन गर्छन् । कृपया आफ्नो स्थानीय टोल विकास संस्थामा बुझ्नु होला ।
टोल विकास संस्थाको नियमहरु पलना गर्नुहोस् ।

## च्युउबु क्षेत्र (中部)

| | अप्रिल | म | जुन | जुलाइ | अगस्त | सेप्टेम्बर | अक्तोबर | नोभेम्बर | डिसेम्बर | जनावरि | फेब्रुअरी | मार्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हिगासीहामा, ज्युरोउसिन, तेन्जिन १ च्योउमे, तेन्जिन २ च्योउमे, तेन्जिन ५ च्योउमे को केहि स्थान, (तेन्जिन प्राथमिक विद्यालय बस स्टप नजिक, तेन्जिन बस स्टप नजिक) | 1 15 | 1 19 | 1 16 | 1 16 | 1 19 | 1 14 | 1 16 | 2 16 | 1 14 | 4 19 | 1 15 | 1 16 |
| तेन्जिन ३ च्योउमे, तेन्जिन ५ च्योउमे, तेन्जिनच्योउ, साकिबेच्योउ | 2 16 | 7 20 | 2 17 | 2 17 | 3 20 | 2 15 | 2 19 | 4 17 | 2 15 | 5 20 | 2 16 | 2 17 |
| हिगासियामा, दाइकोकु, हिजुकुशी, ओमिया, इनारी, फुकुइशी | 3 17 | 8 21 | 3 18 | 3 21 | 4 21 | 3 16 | 3 20 | 5 18 | 3 16 | 6 21 | 3 17 | 3 18 |
| शिओमी, वाकाबा, मिउरा, शिराहाए | 4 20 | 9 22 | 4 19 | 6 22 | 5 22 | 4 17 | 5 21 | 6 19 | 4 17 | 7 22 | 4 18 | 4 19 |
| तोनोओ, मिनेनोसाका, योरोजु, शिनमिनातो, शिमान्जी, शियोहामा, यामागाता, शिमोक्यो, खामिक्यो, मोतोसिमा, क्योनोचुबो, मियाजाकी, माचुखावा, कोउतेन | 6 21 | 11 23 | 5 22 | 8 23 | 6 24 | 5 18 | 7 22 | 7 20 | 5 18 | 8 23 | 6 19 | 5 23 |
| फुजीवारा, किखाजे, यामाजुमी, सुदाओ | 7 23 | 12 25 | 8 23 | 7 24 | 7 25 | 7 24 | 6 23 | 9 24 | 7 21 | 12 25 | 5 22 | 8 25 |
| ताकासागो, तानिगोउ, हाचिमान्, तेन्मान, सिरोयामा, मियादा, मान्तोकु, हिगासिओकुबो, निसिओकुबो, फुकुदा, हिरा, सोनोदा, सिमिजु, कोबाता | 8 22 | 13 26 | 9 24 | 9 27 | 8 26 | 8 25 | 8 26 | 10 25 | 8 19 | 13 26 | 8 20 | 9 24 |
| नागाओ, उवा, इजुमी, मिनातो, माचुउरा, टोकिवा, साकाए, सिमानोसे, मोतो, आइओइ, हामादा, शिराकी, काचुतोमी, गिओन, कोउगेचु | 9 24 | 14 27 | 10 25 | 10 28 | 10 27 | 9 26 | 9 27 | 11 26 | 9 22 | 14 27 | 9 24 | 10 26 |
| कोसासेबो, ताकानासी, सुसा, मियाजी, हानाजोनो, कुमानो, नाकिरी, यामाते | 10 27 | 15 28 | 11 26 | 13 29 | 12 28 | 10 28 | 13 28 | 12 27 | 10 23 | 15 28 | 10 25 | 11 29 |
| ओरिहाशी, माचुयामा, एबोसी, तासिरो, शिमोउदो, तावारा, होताते, इशिजाका, उमेडा, नाकादोरी | 13 28 | 16 29 | 12 29 | 14 30 | 17 29 | 11 29 | 14 29 | 13 28 | 11 24 | 16 29 | 12 26 | 12 30 |
| योकोओ, खासुगा, साकुरागी, आखागी | 14 30 | 18 30 | 15 30 | 15 31 | 18 31 | 12 30 | 15 30 | 14 30 | 12 25 | 18 30 | 13 27 | 15 31 |

लिथियम-आयन ब्याट्री जस्ता रिचार्ज गर्न मिल्ने ब्याट्री कसरी फाल्ने भन्ने कुरा पछाडिको पृष्ठ हेर्नुहोस्।



※ यो विज्ञापनका लागि मात्र हो।यो रिसाइकल फोहोर सङ्कलन गर्ने कम्पनी होइन।(यदि "यामागुची शाखामा ५ प्रकार घरायसी विद्युतीय सामान पुर्‍याउने" सेवा चाहिन्छ भने,सासा–चो बाट अनुमति पाएको सामान्य फोहोर सङ्कलन तथा ढुवानी गर्ने कम्पनीलाई मात्र सम्पर्क गर्नुहोस्।)


西部故紙センター株式会社
ISO14001、ISO/IEC27001 認証取得
〒857-1164 佐世保市白岳町 1509
TEL（0956）31-1125 LINEからも問合せできます！
段ボール・新聞・雑誌・アルミ缶・ペットボトル等お持ち込み大歓迎！
きれいな地球を後世に!
Reduce × Reuse × Recycle × Revive
LINE 登録後 5ポイントで トイレットペーパー プレゼント!
LINE
会社 HP

困ったゴミ・大きいゴミも何でもお任せ!!
臨時の 家庭・粗大ごみ 遺品整理
引越しごみ・学習机 お仏壇・リサイクル家電
お引越し
草刈り
太陽光発電所や空き地の草刈りもお任せ!!
公式 LINE
Instagram
"あなたの『困った』を 便利屋『良かった』に!"
タスケット
TEL 080-8397-3410
http://tasuket.com/




# ठूलो फोहोर


शुल्क लिई सङ्कलन गर्न आवेदन दिने — इन्टरनेट फोन

नोटः शुल्कको बारेमा आवेदन दिदाखेरी जानकारी लिनुहोस् ।

घरबाट निस्कने फोहोर मध्ये, तोकिएको फोहोर झोला (ठूलोः ४५ लिटर) मा नअटाउने र ६० किलोग्राम भन्दा बढी नहुने वस्तुहरूलाई ठूलो फोहोर मानिन्छ। कम्पनी वा कार्यालय जस्ता व्यावसायिक स्थानबाट निस्कने ठूलो फोहोर सङ्कलन गरिँदैन। एक पटकमा ५ वटा सम्म ठूलो फोहोर सङ्कलन गर्न अनुरोध गर्न सकिन्छ । यदि धेरै वस्तुहरू छन् भने, क्लिन सेंटरमा लैजान वा साधारण फोहोर सङ्कलन अनुमति प्राप्त गरेको संस्थालाई सङ्कलन गर्न अनुरोध गर्नुहोस् ।

ठूलो फोहोर सङ्कलन गर्नु अघि पुनः प्रयोग गर्ने विकल्पहरू बारे जानकारी

अनावश्यक वस्तुहरूलाई ठूलो फोहोरमा फ्याँक्नु अघि, तिनलाई बेचेर पुनः प्रयोग गर्ने प्रयास गर्नुहोस्। विस्तृत जानकारीको लागि पृष्ठ १३ हेर्नुहोस्।



## सम्पर्क र आवेदन

**फोनमार्फत आवेदन**

ठूलो फोहोर सङ्कलन केन्द्रः ✆0956-46-5300

उकु स्टक यार्डः ✆0959-57-3238

(सम्पर्क गर्न सकिने समयः सोमबार देखि शुक्रबार (बिदा दिनहरू बाहेक) ८:३० देखि बेलुका ५:०० सम्म; उकु स्टक यार्डको लागिः मध्यान्ह १२:०० देखि १:०० बाहेक)

**इन्टरनेटमार्फत आवेदन**

स्मार्टफोन र कम्प्युटर प्रयोग गरेर, २४ सै घण्टा आवेदन गर्न मिल्छ।

### 1 इन्टरनेट वा फोनबाट आवेदन दिन सकिन्छ ।

● **इन्टरनेटबाट आवेदनः**

स्मार्टफोन वा कम्प्युटरबाट आवेदन दिन सकिन्छ ।

सङ्कलन गर्न चाहने मितिको १० दिन अघि सम्म आवेदन दिन सकिन्छ।

https://sodai-sys.jp/sasebo/users/

● **फोनबाट आवेदनः**

ठूलो फोहोर सङ्कलन केन्द्रः ✆0956-46-5300

उकु स्टक यार्डः ✆0959-57-3238

सङ्कलन गर्न चाहेको मितिभन्दा १ महिनाअघि देखि फोहोर सङ्कलनको ३ दिनअघिसम्म आवेदन स्वीकार गरिन्छ।

आवेदन दिदा निम्न जानकारी दिनुहोस :

नाम, ठेगाना, फोन नम्बर, सङ्कलन गर्न चाहने मिति, घर नजिकको सडकको अवस्था, ठूलो फोहोरको प्रकार, संख्या, नाप (लम्बाइ, चौडाइ, गहिराइ आदि)

### 2 रकमको आधारमा, तपाईंले सुपरमार्केट, कोन्बिनी आदिमा एउटा को ५२० येनमा "ठूलो फोहोर फाल्ने टिकट" खरिद गर्न सक्नुहुन्छ।



- ५२० येनको शुल्कः १ वटा
- १,०४० येनको शुल्कः २ वटा
- १,५६० येनको शुल्कः ३ वटा

यदि ठूलो फोहोर आफैं बाहिर निकाल्न सकिन्न र अन्य कसैको सहयोग पनि उपलब्ध छैन भने, घरभित्रबाट सङ्कलन गर्न पनि सकिन्छ (प्रति पटक १वटा वस्तुको लागि १ टिकट लाग्ने छ ।)

### 3 ठूलो फोहोर सङ्कलन टिकट ठूलो फोहोरमा टाँसेर घरको ढोका अगाडि राख्नुहोस् ।





टिकटको आधा भाग सङ्कलन नहुञ्जेल सम्म सुरक्षित राख्नुहोस् ।

### 4 सङ्कलन गर्ने मान्छे आउँछन् र ठूलो फोहोर सङ्कलन गर्छन् ।

सङ्कलन गर्दा उपस्थित हुनु आवश्यक छैन ।



यदि घरभित्रबाट सङ्कलन वा म्यान्सन जस्ता ठाउँमा ठूलो फोहोर सङ्कलन गरिन्छ भने, उपस्थित हुनु आवश्यक छ।



**ठूलो फोहोर सङ्कलन गरेपछि, यदि वस्तुहरू राम्रो अवस्थामा छन् भने तिनलाई पुनः प्रयोग गर्न सकिन्छ । यदि पुनः प्रयोग गर्न चाहनुहुन्न भने, आवेदन दिनुहोस् ।**

## क्लिन सेंटरमा फोहोर वा श्रोत हुने खाले बस्ते लैजाने बारे जानकारी:


प्रत्येक घरबाट निस्कने फोहोर र स्रोत सामग्रीहरूलाई, कभर पृष्ठमा उल्लेख गरिएको "सङ्कलन बिदा दिनहरू" बाहेक, सासेबो नगरपालिकाको क्लिन सेंटरमा सिधै लैजान सकिन्छ । तर, दैनिक निस्कने फोहोरहरूलाई भने फोहोर स्टेशनमानै फ्याँक्नुहोस् । फोहोर सासेबो नगर भित्रका घरका घरायसी फोहोर मात्र ल्याउन सकिने कुरा ध्यान दिनु होला ।ठूलो फोहोर आफैले लैजाँदा, लिने स्थानमा शुल्क तिर्नुपर्छ, त्यसैले "ठूलो फोहोर सङ्कलन टिकट" किन्नु आवश्यक छैन ।


| | तोकिएको फोहोर झोला | तोकिएको फोहोर झोला बाहेकको झोला | |
|---|---|---|---|
| | | ~50kg | 50kg~ |
| जलाउन मिल्ने फोहोर<br>जलाउन नमिल्ने फोहोर | निशुल्क | 450येन | प्रति10kg 90 येन थप |
| ठूलो फोहोर | | 450येन | प्रति10kg 90 येन थप |
| स्रोत सामग्री हुने फोहोर | निशुल्क | निशुल्क | निशुल्क |


**समय : सोमबार देखि शनिबार,: ८:३० देखि १७:०० सम्म**

कभर पृष्ठमा उल्लेख गरिएको "सङ्कलन बिदा दिनहरू" बाहेक अरु दिनमा लान सकिने छ।

उकु १२:०० देखि १३:०० सम्म बन्द हुने छ।








**फोहोर र स्रोत सामग्रीहने फोहोरहरूलाई प्रकार अनुसार छुट्याउनुहोस् । तोकिएको फोहोर झोला बाहेक अन्य झोला चाँहि भित्रको फोहोर देखिने गरि पारदशी झोलामा राख्नुहोस् ।**

# ५ प्रकारका घरेलु उपकरणहरूको डिस्पोजलको बारेमा

**सहरलाई सफा राख्न,**
**अवैध रुपमा कुनैपनि हालतमा फोहोर नफ्याँक्नुहोस् ।**




५ प्रकारका घरेलु उपकरणहरूको बारेमा
यी ५ प्रकारका उपकरणहरु फोहोर स्टेशनमा राख्न वा क्लिन सेन्टरमा लैजान पनि मिल्दैन । त्यसैले, यी उपकरणहरु किनेको पसल वा अन्य सम्बन्धित ठाँउमा सम्पर्क गर्नुहोस् ।

घरेलु उपकरण ऐन अन्तर्गत यी ५ प्रकारका पुनः प्रयोग गर्न सकिने उपकरणहरु पुनः प्रयोग गर्नु पर्ने हुन्छ । यी घरेलु उपकरणहरूमा उपयोगी स्रोतहरू मात्र नभई ओजोन तहलाई घटाउने र विश्वव्यापी तापक्रम बढाउने क्लोरोफ्लोरोकार्बन जस्ता हानिकारक पदार्थहरू र सिसा पनि हुन्छन्, त्यसैले कानून अनुसार उचित रूपमा पुनः प्रयोग गरिनुपर्छ । उपभोक्ताहरूले रिसाइक्लिंग शुल्क तिर्नुपर्ने, खुद्रा विक्रेताहरूले प्रयोग गरिएका उपकरणहरू सङ्कलन गर्नुपर्ने र घरेलु उपकरण उत्पादकहरूले तिनीहरूलाई रिसाइकल गर्नुपर्ने अनिवार्य भएको छ ।

**तपाईंले उपकरण किनेको पसल थाहा छ** → हो
किनेको पसलले सङ्कलन गरिदिने ।(विक्रि गरेको पसलले सङ्कलनगर्न बाध्य छ ।)
नोट: घरेलु उपकरण रिसाइकल शुल्क, ढुवानी शुल्क लाग्ने छ । लाग्ने रकमको बारे सम्बन्धित पसलमा सम्पर्क गर्नु होला ।

↓ छैन

**उक्त उपकरण किनेर बदल्ने हो होइन** → हो
नँया उपहरण किनेको पसललाई पुरानो उपकरण सङ्कलन गर्न अनुरोध गर्न सकिन्छ ।
नोट: घरेलु उपकरण रिसाइकल शुल्क, ढुवानी शुल्क लाग्ने छ । लाग्ने रकमको बारे सम्बन्धित पसलमा सम्पर्क गर्नु होला ।

↓ छैन

**उपकरण किनेको पसलमा लैजान अनुरोध गर्नु होइन** → हो
किनेको पसल वाहेक सङ्कलन गरि दिने अन्य पसल पनि छ ।
नोट: घरेलु उपकरण रिसाइकल शुल्क, ढुवानी शुल्क लाग्ने छ । लाग्ने रकमको बारे सम्बन्धित पसलमा सम्पर्क गर्नु होला ।

↓ छैन

**आफैले तोकिएको सङ्कलन केन्द्रमा लैजान सक्नु सकिदैन** → हो
पोष्ट अफिसमा घरेलु उपकरण रिसाइक्लिङ्ग शुल्क तिर्नुहोस् (बैङ्क डिपोजित)। घरेलु उपकरण रिसाइक्लिङ्ग टिकट सङ्कलन गरि, डिस्पोज गर्नु पर्ने उपकरण तोकिएको सङ्कलन केन्द्रमा लैजानुहोस् ।
नोट: स्वयं ढुवानी गर्दा ढुवानी शुल्क लाग्ने छैन ।

↓ छैन

**माथीका सबै कुरा सम्भव नभएको खण्डमा** → हो
साधारण फोहोर सङ्कलन गर्न अनुमति प्राप्त संस्थालाई ढुवानी गर्न अनुरोध गर्नुहोस । पोष्ट अफिसमा घरेलु उपकरण रिसाइक्लिङ्ग शुल्क तिरी, घरेलु उपकरण रिसाइक्लिङ्ग कुपन र डिस्पोज गर्ने उपकरण उक्त संस्थालाइ दिनुहोस् ।
नोट: ढुवानी शुल्क लाग्ने छ । लाग्ने शुल्कको बारेमा उक्त संस्थासँग जनकारी लिनुहोस् ।


## पोष्ट अफिसबाट घरेलु उपकरण रिसाइक्लिङ्ग शुल्क तिर्ने बारे:

पोष्ट अफिस जानु अघि निम्न जानकारीहरु लिएर राख्नु होला ।
टेलिभिजन: निर्माता कंपनीको नाम र स्किनको साइज (१५ इनच, ३२ इनच आदि) फ्रिज वा फ्रिजर : निर्माता कंपनीको नाम र क्षमता अन्य उपकरण: निर्माता कंपनीको नाम पोष्ट अफिसमा रिसाइक्लिङ्ग शुल्क तिर्ने बेलामा बैङ्कको डिपोजिट शुल्क पनि लाग्ने छ ।

## साधारण फोहोर सङ्कलन गर्न अनुमति प्राप्त संस्थालाई अनुरोध गर्ने बारेः

सासेबो नगरपालिकाको होम पेजमा सामान्य फोहरमैला व्यवस्थापन गर्ने कम्पनी भनेर सर्च गर्नुहोस ।
वेभसाइटःhttps://www.city.sasebo.lg.jp/kankyo/haisid/ippan-mebo.html हो ।
उक्त साइतमा साधारण फोहोर सङ्कलन गर्न अनुमति प्राप्त संस्था सुचीबाट छान्नु होला ।
फोहोर सङ्कलन क्यालेन्डरको ४, ६, ८, १०, र १२ पृष्ठहरूमा रहेका विज्ञापनहरूलाई हेर्नुहोस् ।
ढुवानी शुल्क संस्था अनुसार फरक हुन सक्छ ।

**सम्पर्क :** तोकिएको सङ्कलन संस्था वा फोहोर कमगर्ने प्रवर्धन विभागलाइ सम्पर्क गर्नुहोस । फोन: ☎0956-32-2428 शुल्कको बारेमा जानकारीको लागि घरेलु उपकरण उत्पादन संघ घरेलु उपकरण रिसाइक्लिङ्ग कुपन केन्द्रमा सम्पर्क गर्नु होला । फोन: ☎0120-319640 होम पेज: https://www.rkc.aeha.or.jp/





तोकिएको फोहोर सङ्कलन केन्द्र खाबुसिकिगाइस्या यामागुची स्योउतेन साजाच्योउ, ओसिगेमेन १०७-१
फोन: 0956-42-7500 यामागुची स्योउतेन सासेबो शहरको यामाटो च्योउबाट सारिएको छ ।

सासेबो डाइक्यु ट्रान्सपोर्ट कम्पनी ९कुरुमे ट्रान्सपोर्ट कम्पनी सासेबो शाखा भित्र०
ठेगानाः सासेबो च्योउ, शिन्ग्योएचयोउ ५३९-१ फोन: 0956-30-7285
(नोटः यी संस्थाहरूले घरबाट संग्रह गर्ने सेवा प्रदान गर्दैनन्। केवल आफैंले लैजाने सेवा उपलब्ध छ।)




※ यो विज्ञापनको स्थान हो। (यदि "यामागुची शाखा घरायसी विद्युत् उपकरण ५ प्रकार पुर्‍याउने" सेवा अनुरोध गर्नुहुन्छ भने,सासाबो–चो बाट सामान्य फोहोर सङ्कलन तथा ढुवानीको अनुमति प्राप्त भएको संस्थामा मात्र अनुरोध गर्नुहोस्)


すべてのお客様へより良いご提案を！
金属屑と廃棄物処理のプランニング
金属屑 (株)角商店 ☎33-1071 白岳町1538
廃棄物 (有)環境サービス ☎33-0884 白岳町1541





見積無料 女性スタッフ対応
家庭系・事業系ごみ回収 おうちのお片付け
太陽光パネルリユース&リサイクル
かえるプロジェクト (0956)58-4435
(有)壹良(いちよし)産業/佐世保市江上町4699番地 ISO27001 認証/エコアクション21取得







# फाहोर स्टेशन वा क्लिन सेन्टरमा फाल्न नसकिने फोहोरहरु

तल उल्लेख गरिएका वस्तुहरूको डिस्पोजको लागि तपाईंले किनेको पसलसँग सम्पर्क गर्नुहोस् । यी बाहेक अन्य वस्तुहरू पनि सङ्कलन वा लैजान मिल्दैनन्। (विस्तृत जानकारीको लागि फोहोर कम गर्ने प्रवर्धन विभागलाई सम्पर्क गर्नुहोस्।)


कारको टायर




कार र मोटरसाइकलको ब्याट्री


सेफ (तिजोरी)

तरल पदार्थ


पेन्ट
औषधी
प्रयोग गरिएको तेल र तरल पदार्थ


मोबाइल फोनको अतिरिक्त ब्याट्री जस्ता लिथियम-आयन ब्याट्रीहरू
Li-ion Ni-Cd Ni-MH

सम्पर्क गर्ने स्थानहरू:

| | | | |
|---|---|---|---|
| कार डिस्मान्टलिङ कम्पनी, मर्मत गराउने वर्क सप, किनेको पसल, ठूला कार सामान पसलहरू | किनेको पसल | औषधी बाहेक अन्य तरल पदार्थहरूलाई कपडा वा कागजमा सोसेर जलाउन मिल्ने फोहोरमा फ्याँक्न सकिन्छ । | किनेको पसल वा सम्बन्धित पसलहरूसँग सम्पर्क गर्नुहोस्। |

## मोटरसाइकल र स्कूटरको डिस्पोज:




मोटरसाइकल र स्कूटर डिस्पोज गर्ने तरिकाहरू:
सवारी साधन किन्ने संस्थालाई बेच्ने
फाल्ने मोटरसाइकलहरु ह्यान्डल गर्ने पसलसँग सम्पर्क गर्ने
मोटरसाइकल रिसाइक्लिंग प्रणालीको तोकिएको सङ्कलन केन्द्र (यामागुची स्टोर) मा लैजाने

कवाडि मोटरसाइकल ह्यान्डल गर्ने पसलमा पनि सल्लाह लिनुहोला

थपेको पाट्र्स हटाएर किनेको अवस्थामा लैजानुहोस्। अनावश्यक वस्तु सङ्कलन गर्ने संस्थालाई अनुरोध गर्ने मोटरसाइकल र स्कूटर मर्मत गरेर पुन: प्रयोग गर्न सकिन्छ वा पाट्र्सको रूपमा पुन: प्रयोग गर्न सकिन्छ। मोटरसाइकल रिसाइक्लिंग प्रणाली प्रयोग गर्न मिल्ने/नमिल्ने भने जाँच गर्नुहोस्।
कवाडि मोटरसाइकल ह्यान्डल गर्ने पसल:
https://www.zenkeijikyo.or.jp/nirin/shop/ (ढुवानी शुल्क लाग्न सक्छ।)

**तोकिएको सङ्कलन केन्द्र:** खाबुसिकी गाइस्या यामागुची स्योउतेन साजा च्योउ ओसिगेमेन १०७ १
फोन: **0956-42-7500**

**सम्पर्क:** सम्पर्क: मोटरसाइकल रिसाइक्लिंग कल केन्द्र
फोन: **0956-3000-0727**
समय: ९:३० देखि १७:०० सम्म (शनिबार, आइतबार, बिदा दिनहरू र वर्षको अन्त्यमा बन्द)


स्थानीय फोहोर मोटरसाइकल ह्यान्डल गर्ने पसलहरूको लागि:
जततउस्ररधधध।शभलपभष्वपथय।यच।वउरलष्चष्लरकजयउर मा कन्फर्म गर्नुहोला ।
रिसाइक्लिंग शुल्क लाग्दैन, तर ढुवानी शुल्क लाग्न सक्छ।

## ीए ग्यास सिलिन्डर (ग्यास क्यासेट बाहेक)





**सम्पर्क:** नागासाकी केन ीए ग्यास क्योउखाइ
फोन: **095-824-4387**
समय: सोमबार देखि शुक्रबार, ८:३० देखि १७:३० सम्म

## इन्जेक्शन, ड्रिप, आदि:उपचार गराउने अस्पताल वा फार्मेसीसँग सम्पर्क गर्नुहोस्।



पेरिटोनियल डायलिसिस गर्ने व्यक्तिहरूले फोहोर कम गर्ने प्रवर्धन विभागलाई सम्पर्क गर्नुहोस्।

## निर्माण फोहोर, ब्लक, कंक्रीट, ढुंगा, माटो, ईंटा:



निर्माण कम्पनीलाई सङ्कलन गर्न अनुरोध गर्नुहोस्।

ँचए डुङ्गाको डिस्पोज :डुङ्गा बेच्ने पसल वा सम्बन्धित संस्थालाई रिसाइक्लिंग गर्न अनुरोध गर्नुहोस् । शुल्क लाग्नेछ ।



सम्बन्धित वेबसाइट: इप्पान स्यादान होउजिन निहोन मारिन जिग्योउ क्योउखाइ
जततउकस्ररधधधbबचष्लभ(वदष्बा।यचावउरचभअथअभिरष्लमभहा।जतर्मा



खाबुसिकी गाइस्या स्योखाकि सुइसिन सेन्ता
फोन : **03-5829-6773** समय: ९:०० देखि १७:०० सम्म ९शनिबार, आइतबार, बिदा दिनहरू र मध्यान्ह १२:०० देखि १३:०० बाहेक०
फायर एक्स्टिंग्विसर रिसाइक्लिंग सेवा प्रयोग गर्नु होस । **https://www.ferpc.jp/**

पुरानो फायर एक्स्टिंग्विसर खतरनाक हुन्छ । निर्माताहरुले रिसाइक्लिंग गर्छ ।

फायर एक्स्टिंग्विसरको डिस्पोज जापान फायर एक्स्टिंग्विसर उद्योग संघले स्थानीय बिक्री प्रतिनिधिहरूसँग मिलेर गर्दछ। तपाईंको नजिकैको सेवा केन्द्र खोज्नको लागि यो वेबसाइट प्रयोग गर्नुहोस: जततउकस्धधधा।भचउअ।वउरबअअभउतरकउर
रिसाइक्लिंग शुल्क लाग्छ।




**तोकिएको सेवा केन्द्र:**
फायर एक्स्टिंग्विसर सङ्कलन गर्न सक्ने बिक्री पसलहरू जापानभरि लगभग ५,००० स्थानहरूमा छन्।

**तोकिएको सेवा केन्द्र:**
वा
**तोकिएको सङ्कलन स्थान:**
फायर एक्स्टिंग्विसर उद्योग संघले स्थापना गरेका यी स्थानहरू जापानभरि लगभग २१० स्थानहरूमा छन्।



## घरमा प्रयोग नभएका कम्प्युटरहरू पुन: प्रयोग गर्न सकिन्छ।

कम्प्युटर निर्माता अनुसार कम्पनीले सङ्कलन गर्छ ।

स्थानिय सरकार बाट सङ्कलन वा आवेदन स्वीकृत हुदैन ।

कम्प्युटर निर्माताहरुले सङ्कलन गर्नेछन् र पुन: प्रयोग गर्नेछन् । कृपया डिस्पोज गर्न चाहनुभएको कम्प्युटरको निर्मातासँग सम्पर्क गर्नुहोस् (निर्माताको वेबसाइट मार्फत आवेदन दिन सकिन्छ)।

PC リサイクル

लागू हुने उपकरणहरू:
- डेस्कटप कम्प्युटरको मुख्य भाग
- नोटबुक कम्प्युटर (ल्यापटप)
- CRT डिस्प्ले (पुरानो प्रकारको मोनिटर)
- CRT डिस्प्ले जोडिएको कम्प्युटर
- LCD डिस्प्ले (लिक्विड क्रिस्टल मोनिटर)
- LCD डिस्प्ले जोडिएको कम्प्युटर

पीसी रिसाइक्लिङ्ग चिन्ह भएका कम्प्युटरहरूलाई निर्माताले कुनै अतिरिक्त शुल्क नलिई सङ्कलन र रिसाइकल गर्नेछ। यो चिन्ह नभएका कम्प्युटरहरूको लागि, तपाईंले रिसाइक्लिङ्ग शुल्क तिर्नुपर्नेछ।

कुनै पनि निर्माताले नबनाएको कम्प्युटर (जस्तै घरमै निर्मित पीसीहरू वा बन्द भएका व्यवसायबाट फिर्ता भएका निर्माताहरूबाट पीसीहरू) हरूलाई पासोकोन घच सुइसिन क्योउखाइले शुल्क लिएर सङ्कलन र रिसाइक्लिङ्ग गर्नेछ।

PC3R
इपपानस्यादान होउजिन
पासोकोनघच सुइसिन क्योउखाइ
फोन : 03-5282-7685, फ्याक्स: 03-3233-6091

## राष्ट्रिय स्तरमा प्रमाणित कम्पनी, रिनेट जापान कम्पनीले होम डेलिभरी सेवा मार्फत नि:शुल्क सङ्कलन गर्छ ।

घरमा प्रयोग नभएका कम्प्युटरहरुलाई राष्ट्रिय स्तरमा प्रमाणित कम्पनी, रिनेट जापान कम्पनीले होम डेलिभरी सेवा मार्फत नि:शुल्क सङ्कलन गर्ने सेवा पनि लिन सक्नु हुन्छ ।**कम्प्युटरसँगै**, डिस्प्ले, प्रिन्टर, स्क्यानर, आदि जस्ता बाह्य उपकरणहरू पनि सङ्कलन गरिन्छ । तपाईंले **सासेबो नगरमा सङ्कलन गरिएका १० वटा वस्तुहरू बाहेक अन्य साना घरायसी उपकरणहरू पनि** सङ्कलन गराउन सक्नुहुन्छ। कम्प्युटर सहित, एउटा बक्ससम्म नि:शुल्क छ। बक्सको कुल आकार १४० सेन्टिमिटर हुनुपर्छ, र यसको तौल २० किलोग्रामसम्म हुनुपर्छ। यदि तपाईंले डेटा मेटाउनु चाहानु हुन्छ भने, कम्प्युटर नभएको खण्डमा, वा ब्राउन डिस्प्लेहरू सङ्कलन गर्नुपर्ने भएमा शुल्क लाग्नेछ । आवेदन दिनु अघि कृपया कन्फर्म गरेर राख्नु होला ।

ReNet Japan 検 索

सम्पर्क : १०:०० देखि १७:०० सम्म
☎0570-085-800

## बसाइ सराइको क्रममा निस्कने वा व्यवसायिक फोहोर

बसाइ सराइको क्रममा निस्कने ठुलो मात्राको फोहोर, पसल, कम्पनी र प्रतिष्ठानबाट निस्कने साधारण फोहोर सासेबो नगरपालिका द्वारा स्वीकृत सामान्य फोहोर सङ्कलन र ढुवानी कम्पनीमा सङ्कलनको लागि अनुरोध गर्नुहोस् वा सिधै क्लिन सेन्टरमा लैजानुहोस् । तर औद्योगिक फोहोर ल्याउन मिल्दैन ।




**सम्पर्क:**
फोहोर कम गर्ने प्रवर्धन विभाग
फोन : ण्ढछट(घद्द(द्धद्दड

# फोहोर फाल्दा ध्यान दिनु पर्ने कुराहरु

## पुराना कागजहरू फाल्ने तरिकाको बारेमा

### कागजको फोहोर (विविध प्रयोग गरिएको कागज) छुट्याउन नबिर्सनुहोस!




पत्रपत्रिका, म्यागजिन, कार्डबोर्ड, आदि छुट्याएर स्रोतको रूपमा पुनः प्रयोग गर्न मिल्ने भएतापनि विविध कागजहरू सामान्यतया फोहोरको रूपमा फालिने गरिएको छ।
स्रोतको रुपमा पुनः प्रयोग गरेर फोहोर कम गर्न सक्नुहुन्छ !
माथिका उदाहरणहरूलाई सन्दर्भको रूपमा प्रयोग गरौं र हाम्रो कागजको फोहोर छुट्याउन सुरु गरौं!

#### नोट

भिजिटिङ्ग कार्ड भन्दा ठूलो कागज धेरैजसो पुनः प्रयोग गर्न सकिन्छ, कृपया दायाँपट्टि सूचीकृत कागजहरूलाई जलाउन मिल्ने फोहोरको रूपमा फाल्नुहोस्।



कार्बन र नःन-कार्बन कागज
थर्मल पेपर, डुप्लिकेट स्लिप, सिंथेटिक पेपर
"रसिद" आदि।



प्रेसर-सिल गरिएका पोस्टकार्डहरू
"बैंकबाट सूचना, आदि।"

लेप लगाएका कागज र अन्य प्रशोधित कागज
"स्टिकर पेपर, पेपर कप, पेपर प्लेट, फोटो, एल्बम, इन्कजेट पोस्टकार्ड, कम्प्युटरको लागि फोटो प्रिन्टिङ पेपर, मादक पदार्थको पेपर कार्टुन, चाँदीको अस्तर भएका पेपर कार्टुनहरू आइरन-अन ट्रान्सफर पेपर, आदि।

धातुको पन्नी स्ट्याम्प गरिएको कागज
सुन र चाँदी जस्ता धातुहरू भएको कागज

गन्हाउने वा फोहोर कागज
"भिजेको कागज, अगरबत्ती, डिटर्जेन्ट, पिज्जा बक्स, आदि।"



## काँचो फोहोर फाल्नु अघि त्यसबाट पानी निकाल्नुहोस्।

खाद्यान्नको फोहोर व्यवस्थापन गर्दा निम्न तीन बुँदाहरू महत्त्वपूर्ण छन्:

### १ सबैभन्दा पहिले, यसलाई भिजाउनु हुँदैन

खाना पकाउँदा तरकारीको बोक्रा भिज्न नदिनुहोस्।
यसलाई सिधै प्लास्टिकको झोलामा राख्नुहोस्।


### २ राम्ररी पानी निकाल्नुहोस्।

यदि केहि भिजेको छ भने, त्यसलाई कडा रूपमा निचोड्नुहोस!



### ३. फ्याँक्नु अघि सुकाउनुहोस्

रामोसँग हावा चल्ने ठाउँमा राख्दा ओसिलोपन र तौल दुवै कम हुनेछ।



## नोट :

### ○ पारा युक्त उत्पादनहरू नष्ट गर्ने तरिका

घरहरूमा फालिएका ट्यूब लाइटहरू, पारा थर्मोमिटरहरू, र पारा स्फिग्मोमानोमिटरहरू नष्ट गर्नुपर्छ। चोरी हुनबाट जोगाउन, तिनीहरूलाई एउटा सानो बाकसमा राख्नुहोस्, अगाडि वस्तुको नाम लेख्नुहोस्, र अगाडि "資源物" लेख्नुहोस्। कृपया यसलाई "जलाउन नसकिने फोहोर" र "नजलाउन सकिने फोहोर" मा नफाल्नु होला। उक्त फोहोरमा रहेको पारोलाई उचित तरिकाले सङ्कलन गर्न सहयोग गरिदिन हुन विनम्र अनुरोध गर्दछु।

### ○ स्प्रे क्यान फाल्ने तरिका

बाँकी रहेका स्प्रे क्यानहरू क्लिन केन्द्रमा लैजादा आगलागी हुने जोखिम हुन्छ। तसर्थ स्प्रे क्यानलाई पूरै खाली गर्नुहोस र हावा लाग्ने र आगो भन्दा टाढा लगेर भित्रको ग्यास निकाली प्वाल पारेर तोकिएको झोलामा राखी जलाउन नमिल्ने फोहोरमा फाल्नुहोला।

### ○ लिथियम-आयन ब्याट्री जस्ता रिचार्जेबल ब्याट्रीहरूको डिस्पोज गर्ने तरिका:

रिचार्जेबल ब्याट्रीहरूलाई फोहोर स्टेशनमा फ्याँक्न वा क्लिन सेंटरमा लैजान मिल्दैन। यी ब्याट्रीहरू क्लिन सेंटरमा पुग्दा आगो लाग्न सक्छ, जसले मानवीय क्षति र सुविधा बन्द हुने सम्भावना हुन्छ।
तसर्थ किनेको पसलसँग सम्पर्क गर्नुहोस् वा इलेक्ट्रोनिक्स पसल वा होम सेंटरमा रहेका सङ्कलन बक्सहरू प्रयोग गर्नुहोस्।




## पेट बोटल बारे, पेट बोटललाई पेट बोटलमानै रिसाइकल:

यसअघिको रिसाइकलमा, एभ्ट बोतलहरूलाई ढालेर सिट, फिल्म, र फाइबर जस्ता अन्य उत्पादनमा परिवर्तन गरिन्थ्यो। तर यस्ता उत्पादनहरूलाई फेरि रिसाइकल गर्नु सजिलो नभएकाले, धेरैजसो अन्ततः जलाएर वा अन्य तरिकाले नष्ट गरिँदै आएका छन्।

अर्कोतर्फ, PET बोतललाई फेरि PET बोतलमै रिसाइकल गर्ने「बोटल to बोटल」 पहलद्वारा,
PET बोतललाई स्रोत सामग्रीका रूपमा लगभग निरन्तर रूपमा पुनः प्रयोग गर्न सकिन्छ।
यसले स्रोतको प्रयोग मात्रा घटाउन मद्दत गर्छ र $CO_2$ उत्सर्जन घटाउन पनि योगदान पुर्‍याउँछ।

सेभेन–इलेभेनका पसलहरूमा PET बोतल जम्मा गर्ने मेसिन राखिएको छ। त्यहाँ जम्मा गरिएको PET बोतललाई फेरि नयाँ PET बोतल बनाउने「बोटल to बोटल」 रिसाइकल गरिन्छ।

सासेबो सहर पनि यस काममा सहभागी भएर स्रोत सामग्रीको सदुपयोगमा सहयोग गरिरहेको छ।

※ केही पसलहरूमा PET बोतल सङ्कलन गर्ने मेसिन जडान गरिएको छैन।



१ बिर्को र लेबल हटाउनुहोस्।



२ हल्का पानीले धोएर सङ्कलन मेसिनमा राख्नुहोस्।

यसको प्रकिया पनि रिसाइक्लिङ्ग स्टेशनमा फाल्नु जस्तै हो।
झिकेको बिर्को र लेबललाई "जलाउन मिल्ने फोहोर" मा फ्याँक्नुहोस्।
लबलबअय कार्ड प्रयोग गरेर पोइन्ट पनि जम्मा गर्न सकिन्छ।



# घरमा अनावश्यक वस्तुहरूको उपयोग बारे:

यदि तपाईंले अनावश्यक वस्तुहरूलाई "फोहोर" को रूपमा डिस्पोज गर्नुभयो भने, शुल्क तिर्नुपर्छ। तर यदि ति फोहोरहरुलाई पुन: प्रयोग वा रिसाइक्लिंग गर्नुभयो भने, तपाईंले बेच्न पनि सक्नुहुन्छ।फ्याँकिएको वस्तु "फोहोर" हो, तर यदि कसैले प्रयोग गर्छ भने यो "स्रोत" हो। यसले वातावरण र तपाईंको आर्थिकरुपमा पनि सकारात्मक असर गर्छ।

अझै प्रयोग गर्न मिल्ने तर अनावश्यक वस्तुहरूको पुन: प्रयोग:

## धेरै तरिकाहरू अपनाएर अनावश्यक वस्तुहरूलाई पुन: प्रयोग गर्न सक्नुहुन्छ।



दराज, खाना राख्ने दराज, टेबल, कुर्सी, किताब राख्ने दराज, इलेक्ट्रोनिक उपकरणहरू, सुट, जुत्ता, बच्चाका लुगाहरू,पुराना वस्तुहरू (एन्टिक), स्टफ्ड खेलौना, लेखन सामग्री, बहुमूल्य धातु र ब्रान्डेड सामान

**फ्रिमार्केट वा अनलाइन एपमा बेच्ने एक उपाय हो, तर निम्न रिसाइक्लिंग पसलहरूको प्रयोग पनि गर्न सकिन्छ।**

### ● इन्टरनेटमा आवेदन

## कति पर्ने ?



**अनावश्यक भएर फाल्नु भन्दा, सजिलो र छिटो बेचिने पनि हुन सक्छ**

यो चाँहि सुविधाजनक
यतिको ३ पोइन्ट

- ठूला र गह्रौं वस्तुहरू पनि खरिद गरिन्छन्।
- खरिद मूल्य तुलना गरेर छनौट गर्न सकिन्छ।
- छोटो समयमै सङ्कलन गर्न सकिन्छ।

बल्क बाइ
एकै पटक आवेदन दिएर सजिलै बेच्नुहोस

- Step 1 अनावश्यक वस्तुहरूको जानकारी प्रविष्ट गरेर मूल्यांकन अनुरोध गर्नुहोस्।
- Step 2 प्राप्त मूल्यांकन नतिजाहरू तुलना गरेर खरिद गर्ने पसल छनौट गर्नुहोस्।
- Step 3 सजिलो र आर्थिकरुपमा पनि अनुकूल हुने गरी डिस्पोज गर्नुहोस्।

स्मार्ट फोन मा आक्सेस

सासेबो नगरले "ओइकुरा"ण संग सहकार्य गरेर पुन: प्रयोगलाई प्रवर्धन गर्दै छ।

टोकियो स्टक एक्सचेन्जमा सूचीकृत कम्पनीले यो सेवा संचालन

MARKET ENTERPRISE
मार्केट इन्टरप्राइज कं, लिमिटेड स्टक कोड: ३१५५

### ● सासेबो शहरका रिसाइक्लिंग पसलहरू:

प्रत्येक पसलले विभिन्न प्रकारका वस्तुहरू खरिद गर्दछ र सङ्कलन गर्ने तरिका पनि फरक हुन सक्छ। वस्तुको अवस्था र मोडेल अनुसार केही वस्तुहरू खरिद गर्न नमिल्न पनि सक्छ। कृपया पहिलेनै फोनबाट सम्पर्क गरेर जानकारी लिनुहोस्।

अझै प्रयोग गर्न मिल्ने तर अनावश्यक फर्निचर, इलेक्ट्रोनिक उपकरण, घर प्रयोगका सामान, लुगा, औजार, किताबहरू बेच्न चाहनुहुन्छ?

अनावश्यक फर्निचरहरू कसैलाई दिन चाहनुहुन्छ?

⇒

リサイクルショップ E-STYLE
सासेबो, हाइकी १ च्योउमे १३-११
फोन : 0956-20-5858

リサイクルショップ エコログ
सासेबो, नाखाजातोच्योउ १८७५-१
फोन : 0956-42-6222

BOOK-OFF SUPER BAZAAR
सासेबो, फुजिहारा माची २०-७
फोन : 0956-46-7701

買取総合リサイクルショップ エコzone
सासेबो, सिमोक्योउ माचि ९-१
फोन : 0120-152-153

総合リサイクルショップ ゲット
सासेबो, किहाराच्योउ १०४-४
फोन : 0956-30-7359

लेखन सामग्री, स्टफ्ड खेलौना, लुगा, जुत्ता आदि विदेशमा सहायताको लागि पठाउन चाहनुहुन्छ?

⇒

इचियोसि सानग्योउ खाएरु प्रोजेक्ट
सासेबो, एगामीच्योउ ४६९९
फोन : 0956-58-4435

## सासेबो नगर पालिका पर्यावरण विभागले जानकारी प्रसारण

( Twitter) एकाउन्ट (डस्टन)



「YouTube」 (させぼエコチャンネル)

させぼ エコ チャンネル!

## सफाइ प्रवर्धन समितिलाई समर्थन गर्नुहोस

नगरपालिका र नागरिकहरू बीचको सम्पर्कको रुपमा काम गर्ने सफाइ प्रवर्धन समितिको कर्तव्यहरु निम्नानुसार छन

- फोहोर कम गर्ने र स्रोतहरूको प्रयोग बारे जागरूकता फैलाउने
- फोहोर सही तरिकाले फ्याँक्ने बारे जानकारी दिने
- अवैध फोहोर फ्याँक्ने रोकथाम गर्ने
- कच्चा फोहोरको घरमै व्यवस्थापन गर्ने बारे जानकारी दिने

नियम पालना गरेर सफा शहर बनाउनुहोस।



**फोहोर छुट्याउने काम घरमै गर्नुहोस्।**

# सासेबो नगरको पर्यावरण विभागले खाद्य डिस्पोज कम गर्ने प्रयासहरु

## खाद्य डिस्पोज कम गर्न सहयोगी पसलहरू खोजिरहेको छ ।

तलका ५ मध्ये कम्तिमा एउटा कार्यमा सहयोग गर्न सक्ने पसलहरू खोजिरहेको छ । र सहयोग गर्ने पसल वेबसाइटमा रखिनेछ ।

१ ग्राहकले आफ्नो खानाको मात्रा चयन गर्न सक्ने विकल्प (थोरै वा अलग अलग परिमाणको मेनु)
२ बाँकी खाना घर लैजाने सेवा
३ "३०१० अभियान" को प्रचार (जस्तैः ग्राहकलाई सल्लाह दिने वा पोस्टर लगाउने)
४ अनियमित वा एक्सपायर मिति नजिकिएका सामानहरूलाई छुटमा बिक्री गर्ने ।
५ खाद्यान्नको डिस्पोजललाई खाद्य बैंक र प्रयोग गर्न चाहने अन्य संस्थाहरूलाई दान गर्ने

खाद्य डिस्पोज कम गर्न सहयोगी पसलहरू  रेइवा ८ वर्ष, जनवरी १३ तारिखको अवस्थासम्म

आजान्टेई, आइटीएक्स कर्पोरेशन, आन्कोरु, इजाकाया कोजिरोउ, इसुजु, खाच्यान, खाप्पो फुनाचु, किचन आकारी, क्युउज्युउक्युउ सिमा सेनपेई होन्पो सासेबो एयग्योउबु, ग्युएमोन (ओटोतेन), ग्युएमोन (सिखामाची तेन), गुरान्दो फास्तो इन सासेबो, कोउरान, कोमाचु स्योउतेन, साइकाइबाशी एन्ची, सासेबो याकुरुतो कर्पोरेशन, शेफनो मागोकोरो हाउस सान मारिनो, सिबाता स्योकुदोउ, ज्योउगेनरोउ, सिरोनो स्योउतेन, स्योउया, सेवन-इलेभेन/सासेबो च्युउओउ ब्योउइन माए तेन, सेनारी स्योकुदोउ, सोउसाकु योरी ज्युउहाचीबान, दाइजेन, तेन्तेन रामेन, पास्ता क्याफे इट, प्यासन, पारुफान बेकरी, फास्तो इन हायाकी, फुकुमुसुबी, बेकरी तासिरो, पोवाबुरु मारुहाची स्योकुदोउ, मुटा स्योउतेन, मेसिस्यो योशिकी, मेन ओ सासेबोतेन, मेनस्योउ अकिरा गोबान्गाई तेन, मेनस्योउ अकिरा हायाकी तेन, मोमिजिनो खाओरी, राक्किजु कानोको माए तेन, रेओ पुराजा होतेरु रेस्तोरान् सोरा, रेस्तोरान् सोरेन्तो, रेस्टुरान्ट होन्जिन

## सासेबो फुड ड्राइभ

तपाईंको घर वा व्यवसायमा बाँकी रहेका खाद्यन्नलाई बाल भोजनालय जस्ता स्थानहरूमा दान गर्ने "फूड ड्राइभ" गरिँदैछ। दान गर्न योग्य खाद्य पदार्थहरूः १. नखोलिएको, २. एक्सपाइरी मिति १ महिना भन्दा बढी बाँकी रहेको खाद्यन्न, ३. सामान्य तापक्रममा राख्न सकिने खाद्यन्न

(उदाहरण)
अनाज (गहुँको पिठो, दाल, चाउचाउ)  संरक्षित खाद्यन्न (सुकेका खाद्यन्न, रेटोर्ट, क्यान, जार)
मसला, खाने तेल  पेय (चिया, जुस) ※मदिरा हुँदैन  पाउडर दुध

दान गर्ने ठाउँ र सम्पर्क  सासेबो शहर पर्यावरण विभाग, डिस्पोज कम गर्ने प्रवद्र्धन विभाग ठेगानाः इनारीचो १–८, फोनः 0956-32-2428
समयः ८:३० बजे देखि १७:१५ बजेसम्म (शनि, आइत र सार्वजनिक बिदा बाहेक)

### सासेबो खाद्यन्न डिस्पोज कम गर्ने म्याच्चिङ्ग सेवा

दर्ता र प्रयोग शुल्कः निः शुल्क



अनावश्यक खेर फाल्नुभन्दा फाइदा उठाएर बचत गरौं



**サセボタベスケ**

सासेबो शहरमा खाद्य पदार्थ बिक्री गर्ने पसल वा खाना पसलहरूमा बाँकी रहेका खाद्य डिस्पोजलाई कम गर्न र छुटमा खरिद गर्ने सेवा "सासेबो टाबेसुके" प्रयोग गर्नुहोस्।



**सासेबो टाबेसुके प्रयोग गर्ने तरिका**



**STEP 1**
टाबेसुकेको वेबपेजबाट सजिलै दर्ता गर्नुहोस्



**STEP 2**
छुटमा खाद्य पदार्थहरू खोज्नुहोस् र खरिद गर्नुहोस्



**STEP 3**
खाद्य डिस्पोज कम गर्नुहोस् र छुटमा खरिद गर्नुहोस्



खाद्य डिस्पोज कम गर्ने म्याच्चिङ्ग सेवा
"टाबेसुके"को होम पेज
यो सेवाको बारेमा थप जानकारी र प्रयोग गर्ने तरिका
"टाबेसुके" साइटमा हेर्नुहोस्।

दर्ता गर्नः यहाँ क्लिक गर्नुहोस् ।


दर्ता गरिएका पसलहरू  रेइवा ८ वर्ष, जनवरी १३ तारिखको अवस्थासम्म

पोरुतो सो–होन्पो、 गिफ्ट शप एगामी、 गिफ्ट शप मारुक्यु、 किनेनहिन नो डेपार्ट शिमोकावा、 कोमात्सु शोतेन、 कोमिन्का क्याफे कोमोरेबी、 सासाइज़ुमी शोतेन、 सासेबो शिकिसाइ कान、 शादी सालादाकान हिनो तेन、 शुकुरु、 सुपा सान्कुसु तावारामाची तेन、 सोकाया、 तातेइशी शोतेन、 तानाका सेइनिकु तेन、 तोमिओका सुइसान、 नकाओ बुदो、 नकानो शोतेन、 निस्से बेकारी、 हाकुई कोहिइ,मायुमि सेइनिकु तेन、 मिचि नो एकि सासेबो बोक्कुसु नाइन–नाइन、 योको शोउजी、 योशिदा बेइकोकु、 वाई सोसाकु होताची、 भिटामिन बेरी



※ यो विज्ञापनको स्थान हो। (यदि "यामागुची शाखा घरायसी विद्युत् उपकरण ५ प्रकार पुर्‍याउने" सेवा अनुरोध गर्नुहुन्छ भने,सासाबो–चो बाट सामान्य फोहोर सङ्कलन तथा ढुवानीको अनुमति प्राप्त भएको संस्थामा मात्र अनुरोध गर्नुहोस्)

定期回収、古紙、引越等の臨時ごみ、お仏壇、遺品整理、廃プラ、各種リサイクル
お気軽にお電話ください。☎0956-26-1733
ごみの処分はお任せください。株式会社サンビッグ




九州初の総合的な
産業・一般廃棄物処理施設!
※事業所様対象です。



環境リサイクルエネルギー株式会社
TEL:0956-20-4222

# ! कृपया ध्यान दिनुहोस् ! लिथियम–आयन ब्याट्रीजस्ता रिचार्ज गर्न मिल्ने ब्याट्रीका कारण आगलागीका घटना धेरै भइरहेको छन्।

## लिथियम–आयन ब्याट्री लगायत रिचार्ज गर्न मिल्ने ब्याट्रीको बारेमा

रिचार्ज गरेर पटक–पटक प्रयोग गर्न सकिने ब्याट्रीलाई रिचार्जेबल ब्याट्री भनिन्छ। यसलाई स्मार्टफोन, गेम मेसिन लगायत विभिन्न उपकरणहरूमा प्रयोग गरिन्छ।
रिचार्जेबल ब्याट्रीमा मुख्य रूपमा लिथियम–आयन ब्याट्री, निकेल–हाइड्रोजन ब्याट्री र निकाड ब्याट्री आदि पर्दछन्। यी रिचार्जेबल ब्याट्रीहरू, विशेष गरी लिथियम–आयन ब्याट्रीहरू, टुक्र्याउने वा थिच्ने जस्ता कडा झट्काबाट आगो लाग्न सक्छ।
संकलन गाडी वा क्लिन सेन्टरमा आगलागी भएमा, दैनिक कार्य सुविधा सञ्चालन रोकिन सक्छ र नागरिक जीवनमा ठूलो असर पर्न सक्छ।यस कारणले, फोहोरको उचित व्यवस्थापन मा तपाईंहरूको सहयोग अनुरोध गर्दछौं ।

## रिचार्जेबल ब्याट्री फाल्ने तरिकाबारे

मोबाइल पावर बैंक वा लिथियम–आयन ब्याट्री फाल्दा तल लेखिएका मध्ये कुनै एक तरिका अपनाउनुहोस्।

① किनेको पसलमा फिर्ता लिन को लागि परामर्श गर्नुहोस्।
② किनेको पसलले फिर्ता लिन नसक्ने अवस्थामा, वा पसलको जानकारी नहुँदा, JBRC सहकार्य पसलमा परामर्श गर्नुहोस् (रिसाइकल बक्स प्रयोग गर्नुहोस्)
③ ब्याट्री फुलेको कारण पसलले नलिने भएमा, क्लिन सेन्टरमा सोध्नुहोस्।

● सासेबो सिटीका JBRC सहयोगी पसलहरू ※ यो जानकारी 2025 नोभेम्बरसम्मको अवस्था अनुसार हो। पछिल्लो JBRC सहकार्य पसलहरूको जानकारीका लागि कृपया QR कोडबाट पुष्टि गर्नुहोस्।

ग्रिन देन्की शोउकाइ (तावारा–चो 6-10 ☎ 0956-23-0286) देन्की नो अजुसान्को (मिने–साका–चो 5-15 ☎ 0956-24-1055)
यामाशिना देन्की (मात्सुबारा–चो 41-1 ☎ 0956-49-6960)
यामादा देन्की बेस्ट देन्की सासेबो मुख्य पसल (ओउतो–चो 1857-2 ☎ 0956-33-1627) यामादा देन्की बेस्ट देन्की नागासाकी योंकेमाची पसल (मोटोशिमा–चो 4-7 ☎ 0956-23-1333)
यामादा देन्की टेक्कुल्याण्ड सासेबो मुख्य पसल (फुजिवारा–चो 22-18 ☎ 0956-20-1161) क्युशु केज् देन्की सासेबो पसल (ओउतो–चो 666-10 ☎ 0956-76-7922)

JBRC सँग सहकार्य गर्ने पसलहरू खोजी यहाँ गर्नुहोस्




रिसाइकल बक्स प्रयोग गर्दा, ब्याट्रीको टर्मिनल भागमा टेप टाँसेर छोप्नुहोस्।



## लिथियम–आयन ब्याट्रीजस्ता रिचार्ज गर्न मिल्ने ब्याट्री प्रयोग भएका उत्पादन र तिनको छुट्याइबारे

※ उत्पादन अनुसार छुट्याउने तरिका फरक हुने भएकाले, कृपया पृष्ठ ५ र ७ हेर्नुहोस्।

### जलाउन नमिल्ने फोहोर (तोकेको फोहोर फाल्ने झोलामा पर्ने मात्र)




※ ब्याट्री निकाल्न सकिने भएमा, अनिवार्य रूपमा निकाल्नुहोस्।

### पुनःप्रयोग योग्य वस्तुहरू (साना इलेक्ट्रोनिक उपकरणहरू)




※ ब्याट्री निकाल्न सकिने भएमा, अनिवार्य रूपमा निकाल्नुहोस्।

### जलाउन नहुने र पुनःप्रयोग योग्य वस्तुमा नपर्ने सामान

मोबाइल ब्याट्री (पावर बैंक) को हकमा, खरिद गरेको पसलमा परामर्श गर्नुहोस् वा JBRC सँग सहकार्य गर्ने पसलहरूमा रहेको रीसाइकल बक्स प्रयोग गर्नुहोस्।
यदि पसलमा फिर्ता लिन नसकिने अवस्थामा,
कृपया क्लिन सेन्टर (Clean Center) मा सम्पर्क गर्नुहोस्।

विद्युतीय सहायक साइकल (इलेक्ट्रिक असिस्ट साइकल) को ब्याट्री निकालेर, खरिद गरेको पसल आदि मा सम्पर्क गर्नुहोस्। (विस्तृत जानकारीका लागि ११ पृष्ठ हेर्नुहोस्।)
ब्याट्री निकालिएको साइकल साइज ठूलो भएका फोहोर मा पर्छ।




## बाहिर फोहोर जलाउन कानुनीरुपमा बन्देज गरिएको छ

मौसम राम्रो भए पनि झ्याल खोल्न सकिँदैन

लुगामा गन्ध लागेको छ

छेउछाउमा फोहोर मैला जलाइएकोले धुवाँले गर्दा समस्या भएको छ

जस्ता गुनासोहरू आउने गर्छन ।

खुला स्थानमा फोहर जलाउँदा धुवाँ र गन्धले छिमेकीलाई दुःख मात्र नभइ, जलाइने वस्तु अनुसार यसले डाइअक्सिन जस्ता हानिकारक पदार्थ उत्पादन गर्ने कारण बन्न सक्छ ।




**यसलाई उल्लङ्घन गरेमा:**

५ वर्ष भन्दा कमको कैद
वा १ करोड येन भन्दा कमको जरिवाना
वा दुवै सजाय हुन सक्छ।

अवैध रूपमा फोहोर फाल्ने कार्य देखेमा:

## अनधिकृत रूपमा फोहोर फाल्नु कानूनविपरीत हो !



### नियम पालना गरौं, सुन्दर सासेबो शहर जोगाऔं!

फोहोर तोकिएको नियमअनुसार उचित रूपमा व्यवस्थापन गर्नुपर्छ। खाली बट्टा, चुरोटको ठुटा, घर सर्ने क्रममा फोहोर, तथा पुराना विद्युतिय उपकरणहरू जथाभावी नफालौं। सासेबो शहरलाई सफा र सुन्दर राखौं।

नियम पालना गर्न गाह्रो लाग्न सक्छ। यसले खर्च पनि बढाउन सक्छ। → तर, अवैध रूपमा फोहोर फाल्दा: → प्राकृतिक वातावरण नष्ट हुन्छ। उक्त क्षेत्रको सुन्दरता बिग्रन्छ। दुर्गन्ध तथा भूमिगत पानी प्रदूषित हुन सक्छ। → प्रदुषण समस्या → जनस्वास्थ्यमा दीर्घकालीन असर पर्न सक्छ।

सासेबो शहरले निगरानी क्यामेरा जडान तथा राति गस्ती गरेर अवैध फोहोर फाल्ने कार्य रोक्न पहल गर्दैछ।

फोहोर व्यवस्थापन विभाग
अनुचित फोहोर व्यवस्थापन इकाइ

फोन 0956-20-0660 मा सम्पर्क गर्नुहोला
सम्पर्क समय: सोम-शुक्र (बिदाका दिन बाहेक) बिहान ८:३० - बेलुका १७:१५

## चुरोट वा फोहोर जहाँतहीं नफालौं

## स्टेसनबाट रिसाइकल गर्न मिल्ने सामग्री लिएर जाने नगरौं